म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १०१ बिहीबार, ११ मंसिर २०८२ ने. सं. ११४६ कछलागा 27 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ७ जनाको नि:शुल्क मोतिबिन्दु शल्यक्रिया

हेटौंडा, १० मंसिर/कैलाश गाउँपालिका-८, भार्ताका मोतिबिन्दुका ७ जना बिरामीको नि:शुल्क शल्यक्रिया गरिएको छ । आँखापरीक्षण शिविरबाट फेला परेका बिरामीको नि:शुल्क शल्यक्रिया भएको भार्ता पुण्यदेवी स्वास्थ्यचौकीकी स्वास्थ्यप्रमुख रञ्जना प्रजापतीले जानकारी दिइन् । भार्ता स्वास्थ्यचौकीले वडाका विभिन्न ठाउँमा नि:शुल्क आँखापरीक्षण शिविर सञ्चालन गरेको थियो । विश्व स्वास्थ्य संगठन स्पेश २०३० कार्यक्रमअन्तर्गत हेटौंडा सामुदायिक आँखा अस्पतालको टोलीले वडाका विभिन्न टोलमा कात्तिक २८, २९ र ३० गते नि:शुल्क आँखापरीक्षण शिविर सञ्चालन गरेको हो । शिविरमा ४ सय ४ जना पुरुष र ५ सय ३७ जना महिला गरी ९ सय ४१ जनाले आँखा जाँच गराएका थिए । जसमध्ये ३ सय १६ जनालाई चस्मा र अन्य सामान्य समस्या भएकालाई नि:शुल्क औषधि वितरण गरिएको थियो । ३१ जना मोतिबिन्दुको बिरामी फेलापरेको स्वास्थ्यप्रमुख प्रजापतीले बताइन् । तीमध्ये शल्यक्रिया गराउन इच्छुक भएका ७ जनाको शुक्रबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया गरिएको हो ।

### हेटौंडामा सडक विस्तारका लागि टास्क फोर्स गठन

# मंसिर २० गतेदेखि हेटौंडा बजारमा सवारीसाधन रोक लगाइने

मनिल महतो

हेटौंडा, १० मंसिर/ जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बुधबार बसेको कार्यालयप्रमुखहरुको बैठकले बजार क्षेत्रमा सडक विस्तारका लागि विशेष टास्क टिम गठन गरेको छ ।

सडक डिभिजन कार्यालय मकवानपुरका इन्जिनियर यादव सुवेदीको नेतृत्वमा गठन गरिएको टास्क फोर्समा हेटौंडा उपमहानगर पालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत प्राधिकरण, दूरसञ्चार प्राधिकरण लगायत सम्बन्धित निकायका प्रतिनिधि सदस्य छन् । टास्क फोर्सले बुधबारबाटै माइकिङसहित प्रारम्भिक कार्य सुरु गरिसकेको छ । टास्क फोर्सको कार्यालय सडक डिभिजन कार्यालयमै रहनेछ । सडक विस्तारका क्रममा विद्युत, खानेपानी, टेलिफोन लगायत सेवामा समस्या नआओस् भनेर सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए ।

टास्क फोर्सले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथअन्तर्गत सडकसीमा अतिक्रमण गरी बनेका स्थायी तथा अस्थायी संरचनामा रेखांकन गर्ने, रंग लगाउने तथा आवश्यक कारबाही अघि बढाउने लगायत कार्य गर्ने प्रजिअ अधिकारीले बताए । प्रजिअ अधिकारीले प्रदेश राजधानी भएका कारण बस्न योग्य सहर बनाउन सडक विस्तार अपरिहार्य रहेको बताए । एसियाली विकास बैंक (एडिबी) बाट स्रोत सुनिश्चित भइसकेकाले अब यो कार्य रोकिन नहुने उनको भनाई रहेको छ । सुन्दर सहर निर्माणको अभियानमा सबै सकारात्मक भएर सहभागी बन्न उनले आग्रह गरे ।

सडक सीमाक्षेत्रभित्र पर्ने घरधनीहरु स्वयम्ले संरचना हटाइदिए



सडक विस्तार सहज हुनेमा प्रमुख जिल्ला अधिकारीको अपेक्षा रहेको छ । सबैलाई जीतको अनुभूति हुनेगरी काम अघि बढाइने उनले बताएका छन् । लामो समयदेखि सूचना प्रकाशनमा मात्र सीमित हुँदै आएको सडक विस्तारकार्य यसपटक भने अघि बढ्ने निश्चित भएको छ ।

**मंसिर २० गतेदेखि हेटौडाको मुख्यबजारमा सवारी आवागमनमा रोक लगाइने**

हेटौडाको मुख्यबजारमा मंसिर २० गतेदेखि सवारी आवागमनमा रोक लगाइने भएको छ । हेटौंडामा हुने सडक विस्तार कार्यलाई सुचारु बनाउन बाइपास मार्गहरु तयार पार्ने प्रक्रिया तीव्र बनाइएको छ । बुधबार बिहान डिभिजन सडक कार्यालयका प्राविधिकसहित प्रजिअ अधिकारीले चौकीटोल हुँदै रातोमाटेसम्मको बाइपास सडकको अवस्था निरीक्षण गरेका थिए ।

बाइपास मार्गहरु निरीक्षण पछि आवश्यकता अनुसार सडक मर्मत गरी वैकल्पिकरुपमा यातायात सञ्चालनको व्यवस्था गर्न लागिएको हो । सडक विस्तारका कारण मुख्य बजारक्षेत्रमा सवारी चल्दा अवरोध हुने भएकाले २० गतेदेखि बजार भित्र सवारी आवागमन रोक्ने र वैकल्पिक मार्ग प्रयोग गराउने तयारी भएको छ । काठमाडौंबाट-भैँसे हुँदै हेटौंडा आउने सवारीसाधनलाई चौकीटोल हुँदै राप्ती नदीउकास क्षेत्रबाट राप्ती पुल त्रिवेणीधाम भएर रातोमाटेतर्फ जाने व्यवस्था मिलाइने तयारी भएको छ ।

त्यसैगरी पूर्व-पश्चिम राजमार्ग हुँदै पूर्वजाने सवारीलाई राप्ती पुलबाट दक्षिणकिनार हुँदै रातोमाटे, मदनभण्डारी लोकमार्ग र कान्तिलोकपथमार्ग हुँदै आउने सवारीलाई कमाने हुँदै रातोमाटे निस्कने गरी बजारक्षेत्रमा सवारी प्रवेश रोक्ने व्यवस्था मिलाउने तयारी भएको सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरुप्रसाद अधिकारीले बताए । २० गते अगावै वाइपास सडक मर्मतको कार्य सक्ने तयारी भएको उनले जानकारी दिए ।

सर्वोच्च अदालतको फैसलाले सडक विस्तारका लागि कानूनी मार्गप्रशस्त गरिदिएकोले यसपटक सूचना मात्रैमा सीमित नरही २० गतेदेखि सडक विस्तार कार्य सुरुहुने डिभिजन प्रमुख अधिकारीले बताए । सूचनामा उल्लेख गरिएको समयावधिभित्र सडकसीमा खाली गर्न सबैलाई उनले आग्रह गरेका छन् । समयावधि भित्र संरचना नहटाए नियम अनुसार कार्य अघि बढाइने डिभिजनप्रमुख अधिकारीले बताए । हेटौंडाको सडक विस्तारक्षेत्रमा ५ सय ३० भन्दा बढी घर-टहरा रहेको सडक डिभिजनले जनाएको छ ।

कार्यालयले गत शुक्रबार सार्वजनिक सूचना जारी गर्दै १५ दिनभित्र रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्म सडकको मध्येभागबाट २५/२५ गज दायाँबायाँ निर्माण भएका स्थायी-अस्थायी घर टहरा तथा अन्य संरचना हटाउन आग्रह गरेको थियो । विगतमा २०६९ भदौ १५ गते १५ दिनभित्र २५ मिटरक्षेत्रमा अतिक्रमित संरचना हटाउन सूचना जारी गरेको थियो । तर, सूचनाको विरुद्धमा सर्वोच्चमा रिट परेको थियो । रिटविरुद्ध सुनुवाइ गर्दै सर्वोच्च अदालतल २०७६ कार्तिक ६ गते परमादेश जारी गर्दै अतिक्रमित संरचना हटाउन भनेको थियो ।

२०३४ पछि निर्माण भएका २५ मिटरमा पर्ने कुनैपनि संरचना भत्काउँदा सरकारले क्षतिपूर्ति दिन नपर्ने आदेशमा भनिएको छ । २०२१ देखि २०३४ को बीचमा १३ वर्षको अवधिमा ७ फिट जग्गामा बनाएको संरचना भत्काउँदा मात्रै क्षतिपूर्ति दिन सर्वोच्चले आदेश दिएको थियो । सूचनामा तोकिएको समयसीमाभित्र अतिक्रमित संरचना हटाएको नपाइएमा सडक डिभिजनद्वारा हटाइने र सो वापत लाग्ने खर्च सार्वजनिक सडक ऐन, २०३१ एवं अन्य प्रचलित कानूनबमोजिम संबन्धितबाट असूलउपर गरिने सडक डिभिजनले जनाएको छ ।

सडक डिभिजन हेटौंडाले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्र रेखादेखि दायाँ-बायाँ दुवैतिर २५/२५ मिटर कायम गरिएको जनाएको छ । तोकिएको सीमाभित्र सडक विभागको स्वीकृति प्राप्त नगरी कसैले सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, सार्वजनिक सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, तगारो आदि गाड्न वा हाल्न वा घरटहरा वा छाप्रो बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा यस्तै अन्य कुनै कार्य गर्न सार्वजनिक सडक ऐन, २०३१ ले निषेध गरेको छ ।

# दुई सय ८२ घरधुरीमा धारा निर्माणका लागि त्रिपक्षीय सम्झौता

साझाकुरा संवाददाता



हेटौंडा, १० मंसिर/ मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकामा दुई सय ८२ घरमा खानेपानी धारा निर्माणका लागि त्रिपक्षीय सम्झौता गरिएको छ ।

गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षतामा हस्ताक्षर कार्यक्रममा साझेदार संस्था वाइन टु वाटर नेपालका राष्ट्रिय निर्देशक निजन श्रेष्ठ, उपभोक्ता समितिका अध्यक्षले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । साझेदार संस्था वाइन टु वाटर नेपालले गाउँपालिकाको विभिन्न वडामा चरणबद्ध सर्भेपश्चात पाँचवटा योजना छनोट गरेको थियो । सोहीअनुरुप बुधबार त्रिपक्षीय सम्झौता गरिएको हो । योजनामा गाउँपालिकाको २५ प्रतिशत योगदान रहन्छ भने संस्थाको ६५ प्रतिशत र उपभोक्ताको १० प्रतिशत योगदान रहने गरी सम्झौता गरिएको छ ।

गाउँपालिकाको वडा ६ को मराङसिंह आगेटार खानेपानी उपभोक्ता समितिमा ६४ घरधुरी, वडा ७ को कोथलिटार बस्ताल खानेपानी उपभोक्ता समितिअन्तरगत ६८ घरधुरी, वडा ८ को वाक्सिराङ माथिल्लोटोल खानेपानी उपभोक्ता समितिमा ५४ घर, वडा ९ को घैराङ खानेपानी उपभोक्ता समितिमा ७४ घर र वडा १० को थिङडाँडा खानेपानी उपभोक्ता समितिमा २२ घरधुरी सहित २८२ घरधुरीका एक हजार ७३२ जना लाभान्वित रहनेछन् । योजनाका लागि त्रिपक्षीयको तीन करोड ६७ लाख २८ हजार ५५८ रुपैयाँ बजेट रहेको छ । जसमा गाउँपालिकाले ९१ लख ८२ हजार १३९ रुपैयाँ बजेट खर्च गर्नेछ ।

सम्झौतापश्चात अध्यक्ष मुक्तानले सम्झौताअनुरुप समिति र उपभोक्ताले दीगो हुनेगरी काम गर्न आग्रह गरेका छन् । एकघर एकधारा अनुरुप वास परियोजनाअन्तरगत गाउँपालिका र अन्य साझेदारी संस्थासँगको सहकार्यका काम गर्दै आइरहेको अध्यक्ष मुक्तानले बताए । योजनाको स्वामित्व र जिम्मेवारी उपभोक्ता समितिको रहने हुनाले ध्यानपूर्वक समय सीमाभित्र नै काम सम्पन्न गर्न उनले निर्देशन दिए । 'योजनालाई कसरी दीगो बनाउने हो यहाँहरुको हातमा रहन्छ, सुरक्षित खानेपानीले स्वास्थ्यमा महत्वपूर्ण योगदान रहन्छ' अध्यक्ष मुक्तानले भने ।

मानिसको मौलिकहक अन्तरगत खानेपानी रहेकाले गाउँपालिकाबाट खानेपानी, सरसफाईको क्षेत्रमा काम गर्दै आइरहेको उनले बताए । घरमा धारासँगै एक शौचालय अनिवार्य रहेकाले शौचालय नभएका उपभोक्ताले शौचालय निर्माण गर्नतर्फ लाग्न अनुरोध गरेका छन् । शौचालय नभएको घरमा धारा जडान नहुने परियोजनाको योजना रहेकाले अनिवार्य शौचालय निर्माण गरिनुपर्ने उनले बताए । कार्यक्रममा वाइन टु वाटर नेपालका राष्ट्रिय निर्देशक श्रेष्ठले खानेपानीको क्षेत्रमा सन् २०१६ देखि काम गर्दै आइरहेको बताए ।

समृद्ध परियोजनाअन्तरगत पाँच पालिकामध्ये कैलाशमा पनि योजना बनाई काम गर्न लागिएको उनले बताए । सुरक्षित खानेपानीले स्वास्थ्य र सरसफाइका साथै आयआर्जनमा सहयोग पुग्ने विश्वास रहेको श्रेष्ठ बताए । २० वर्षसम्म सुरक्षित खानेपानी खुवाउने लक्ष्यकासाथ योजना निर्माण गरिने जनाए । पानी र सरसफाईको बोध लिएर उपभोक्ता नै जागरुक हुनुपर्ने बताउँदै निर्माणपछि योजनालाई संरक्षण गर्नु यहाँहरुकै दायित्व रहेको बताए ।

योजनाअन्तर्गत कोथलीटार बस्तालक्षेत्रमा ५ वटा इन्टेक, २ वटा डिसी र ३ वटा आरभिटी निर्माण गरिने वास कन्सलटेन्ट बासुदेव पाण्डेयले बताए । उनकाअनुसार थिङडाँडाक्षेत्रमा एक इन्टेक, डीसी एक र आरभिटी २ वटा, वाक्सिराङ माथिल्लो टोलक्षेत्रमा एक इन्टेक, १ डीसी र तीनवटा आरभिटी निर्माण गरिनेछ । घैराङक्षेत्रमा एक इन्टेक र ३ आरभिटी, मराङसिंह आगेटार क्षेत्रमा एक इन्टेक, २ डिसी र तीनवटा आरभिटी निर्माण गरिने पाण्डेयले बताए । यी योजनामध्ये वडा नं. ९ को एक विद्यालयमा पनि धारा निर्माण गरिने जनाइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# एमसिए-नेपालद्वारा न्यु बुटवल १८ किमि प्रशारण लाइन निर्माणको थालनी

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले न्यु बुटवल सबस्टेसन र १८ किलोमिटर प्रशारण लाइन निर्माणकार्यको औपचारिक थालनी गरेको छ ।

नवलपरासी (बर्दघाट सुस्तापश्चिम) को सुनवलमा आयोजित एक समारोहबीच एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमअन्तर्गत निर्माण हुन लागेका यी नयाँ पूर्वाधारले नेपालको विद्युतीय सञ्जाललाई सशक्तीकरण गर्नुका साथै नेपाल र भारतबीच ऊर्जा व्यापारका लागि अन्तरसम्बन्ध स्थापना गर्ने लक्ष्य राखिएको छ । अर्थमन्त्री रामेश्वर प्रसाद खनाल, नेपालका लागि संयुक्तराज्य अमेरिकी राजदुत डिनआर थम्प्सन, एमसीसीका आवासीय राष्ट्र निर्देशक डायन फ्रान्सिस्को, एमसिए नेपालका कार्यकारीनिर्देशक खड्ग बहादुर विष्टलगायतको सहभागीतामा निर्माण थालनी गरिएको हो ।



कार्यक्रममा मन्त्री खनालले स्वच्छ ऊर्जामा पहुँचको विस्तार, क्षेत्रीय ऊर्जा व्यापारमा अभिवृद्धि र दीर्घकालीन आर्थिक वृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्यमा सहयोग पुऱ्याउने नेपाल सरकारको सशक्त प्रतिवद्धता रहने बताए । १८ किमि प्रशारण लाइनले ४०० केभी न्यु बुटवल सबस्टेशनलाई नेपाल-भारत सीमासँग जोड्ने करिव पाँच करोड अमेरिकी डलरको लगानीमा निर्माण गरिने यी ऊर्जा पूर्वाधारले आगामी दशक भित्रमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्य लिएको छ । ऐतिहासिक ऊर्जा व्यापार सम्झौता, सन २०२४ अन्तर्गत स्वच्छ जलविद्युत भारत निर्यात गर्नमा नेपाललाई सघाउ पुऱ्याउने एमासीए नेपालले विश्वास लिएको छ ।

आयोजना सम्पन्न भएपछि यसले देशका लागि विद्युत आपूर्ति थप भरपर्दो बनाउनुका साथै विद्युत चुहावट घटाउने एमसीए नेपालले विज्ञप्तीमार्फत दाबी गरेको छ । नेपाललाई अन्तर्राष्ट्रिय ऊर्जाको वैदेशिक व्यापार गर्न सक्षम बनाउने महत्वपूर्ण भूमिका खेल्नेछ, जसबाट व्यवसाय सञ्चालन खर्च घट्ने, नयाँ निजीलगानी आकर्षित हुने र राष्ट्रिय विकास प्राथमिकतामा पुन:लगानी गर्न सकिने थप राजश्व आर्जन हुने अपेक्षा एमसीए नेपालले गरेको छ ।

# जेनजी मकवानपुर गठन

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/भदौ २३ र २४ को आन्दोलन र त्यसपछिको परिस्थितिलाई मध्यनजर गर्दै मकवानपुरमा बुधबार जेनजी मकवानपुर गठन भएको छ ।

जेनजी आन्दोलनका अभियन्ता मिराज ढुंगानाको नेतृत्वमा रहेको जेनजी समूहले देशभर समिति बिस्तार गर्दै आएको छ । यहीक्रममा ढुंगानाको सहभागितामा बुधबार मकवानपुरमा समिति चयन गरिएको जेनजी अभियन्ता सुजन दाहालले बताए । ढुंगानासहितको उपस्थितिमा भएको भेलाबाट मकवानपुर संयोजकमा



सुविन खत्री चयन भएका हुन् । जेनजी समूहको मकवानपुर सचिवमा नवीन राउत, कोषाध्यक्षमा सुजन दाहाल चयन भएका छन् । जेनजी समूहको भेला बाट ३७ जनालाई सदस्यता चयन गरिएको संयोजक खत्रीले बताए ।

कर्मचारी आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
| --- | --- |
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

साझाकुरा

## हाम्रो कुरा

# मुख्यमन्त्रीको सय दिने उपलब्धि

बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले सयदिने उपलब्धि सार्वजनिक गरेका छन् । साउन २० गते मुख्यमन्त्री नियुक्त भएका बानियाँले मंगलबार पत्रकार सम्मेलन गर्दै सयदिने उपलब्धि सार्वजनिक गरेका छन् । बागमती प्रदेशलाई भ्रष्टाचार मुक्त, सुशासनयुक्त, जवाफदेही, उत्तरदायी र पारदर्शी समाजको निर्माण गर्न, सामाजिक न्याय, सुशासन र समृद्धिलाई प्रमुख प्राथमिकतामा राखेर सरकार अघि बढेको बानियाँले बताए । लक्ष्यअनुरुप सबै निकायमा जनतालाई सुशासनको प्रत्याभूति हुने किसिमले सेवाप्रवाह भइरहेको दाबी गरे । चालु आर्थिक वर्षको कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि वार्षिक कार्ययोजना तयार भई कार्यान्वयनमा लैजाने तयारी भइरहेको छ । जेनजी आन्दोलनको क्रममा प्रदेशसभाबाट पास भएको संकल्प प्रस्तावअनुसारको कार्य गर्न केही बाधा अड्चन देखापरेको भन्दै बानियाँले खर्च कटौतीको प्रतिबद्धता अनुरुप मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन २०७५ बमोजिम प्राप्त हुने सेवा सुविधा नलिएको बताए । सरकारी आवासमा हुने खर्च कटौती गरेको भन्दै मुख्यमन्त्री बानियाँले सचिवालयको प्रशासनिक खर्च ५० प्रतिशतले कटौती गरेको दाबी गरे ।

प्रदेशभरिका दलित, एकलमहिला, विपन्न तथा सीमान्तकृत परिवारको लागि एक हजार घर निर्माण गरी जीविकोपार्जनको लागि दुई लाख रुपैयाँसम्म रकम किस्ताबन्दीमा उपलब्ध गराउने योजना अघि बढाएको उल्लेख गरे । गुणस्तरीय पूर्वाधार नयाँ विकासको आधार भएकाले बहुवर्षे ठेक्का मापदण्ड सुनिश्चित गरी सोही अनुसार कार्य अघि बढाएको दाबी गरे । उनको उपलब्धिमा प्रशासनिक संरचना पुनसंरचनाको खाका पेशगर्नको लागि उच्चस्तरीय प्रशासनिक पुनर्सरचना निर्देशन समिति गठन गरेको उल्लेख छ । अति गरिब र सीमान्तकृत समुदायलाई गाँस, बास र कपास सुनिश्चित गर्ने नीतिको मस्यौदा तर्जुमा गर्ने कार्य भइरहेको छ । अविरल वर्षा, पहिरो तथा जेनजी आन्दोलनका घटनामा सरकार तीव्ररुपमा सक्रिय रहेको बताए । मनसुनपूर्व तयारी तथा प्रतिकार्य योजना लागू गर्दै १३ वटै जिल्लामा विपद व्यवस्थापन कोषमा रकम विनियोजन, क्षतिग्रस्त संरचना पहिचान तथा पुनर्निर्माण, आन्दोलनमा जलेका प्रहरी सवारीसाधन किन्न दुई करोड ७५ लाख विनियोजन, नेपाल प्रहरी, सशस्त्र प्रहरी संरचना सुधारमा १५ करोडभन्दा बढी लगानी गरिएको उनले जानकारी दिए । सडक पूर्वाधारतर्फ ११ दशमलब ५ किलोमिटर सडक कालोपत्रे, ६ दशमलब ७४ किलोमिटर सडक ढलान, ५ किलोमिटर सडक ग्राभेल, ५ वटा पुल निर्माण तथा १ सय ९२ दशमलब ५ किलोमिटर सडक मर्मतसम्भार गर्ने कार्य सम्पन्न भएको उल्लेख छ । चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत बस्ती विकास कार्यक्रमअन्तर्गत १६ वटा आवास निर्माण तथा खरको छानो उन्मुलन कार्यक्रमअन्तर्गत २० वटा आवास निर्माण गरिएको बानियाँको दाबी छ । वित्तीय संघीयताको सुदृढीकरणको लागि २५ बुँदे हेटौंडा घोषणापत्र जारी गरिएको उल्लेख छ । आर्थिक अभावको कारण उच्चशिक्षा अध्ययनमा कठिनाई भएका प्रदेशभित्रका विपन्न र सीमान्तकृत परिवारका जेहेन्दार विद्यार्थीलाई उच्चशिक्षा अध्ययनको लागि प्राविधिक उच्चशिक्षा छात्रवृत्ति निर्देशिकाको मस्यौदा तयार गरिएको दाबी गरे । हेटौंडा उपमहानगरपालिका, चन्द्रगिरी नगरपालिका, मेलम्ची नगरपालिकालाई स्वस्थ्य सहरको अवधारणा कार्यान्वयनको प्रक्रिया बढाइएको, प्रदेशका हरेक जिल्लाका कम्तिमा एक स्वास्थ्य संस्थालाई नमुना स्वास्थ्य संस्थाको रुपमा विकास र विस्तार गर्ने प्रक्रिया सुरुवात गरिएको उनले बताए ।

जेनजी आन्दोलनका घाइतेको नि:शुल्क उपचार गरिएको र सबै प्रादेशिक अस्पतालमा क्लिनिक सञ्चालन गरिएको, सरकारी संरचना र प्रदेश सरकारको अनुदानबाट निर्माण गरिने भवनमा स्वदेशी काठको प्रयोगलाई अनिवार्य गरिएको बानियाँको उपलब्धिमा छ । सवारी अभिलेख रहेका एक लाख ६० हजार फाईलको डिजिटाइजेशनलाई व्यवस्थित गर्न सवारीसाधान तथा विद्युतीय अभिलेख प्रणाली व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइएको, सवारीसाधनको मापदण्ड र राइड शेयरीङको मापदण्ड १ महिनाभित्र तर्जुमा गरिसक्ने गरी कार्य प्रारम्भ भएको उल्लेख छ । स्वास्थ्यक्षेत्रमा क्यान्सर, हृदयरोग तथा डायलाइसिस सेवामा उल्लेख्य विस्तार गरेको, भक्तपुर अस्पतालमा डायलाइसिस सेवा सुरु, प्रादेशिक अस्पतालमा भेन्टिलेटर सेवा विस्तारको तयारी, क्यान्सर पीडितलाई ५० हजारसम्म उपचार सहयोग, हृदयरोग उपचारका लागि गंगालाल तथा १३ अस्पतालसँग सम्झौता, ग्रामीण क्षेत्रमा पोर्टेबल अल्ट्रासाउन्ड सुविधा, आयुर्वेद औषधि उत्पादनमा १० नवीन उत्पादक क्षमता विस्तार, मनहरी-९ की मिठुमाया सुनारलाई आफ्नै लगानीमा निर्माण गरिएको घर हस्तान्तरण जस्ता उपलब्धी दाबी गरेका छन् । कृषि तथा पशुपालनक्षेत्रमा वर्षाको क्षति न्यूनीकरणका लागि राहत कार्यक्रम सञ्चालन, लम्पी स्किन रोगविरुद्ध ९६ हजार डोज खोप, २२ पशु अस्पताल भवन निर्माण, भेटेरिनरी सेवाविस्तार, कृषि थोकबजार निर्देशिका निर्माण तथा मकवानपुर-सिन्धुलीलाई खोरेतमुक्तक्षेत्र घोषणा प्रक्रिया अघि बढाइएको विषयलाई मुख्यमन्त्री बानियाँले सयदिने उपलब्धी भनेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर १२ गते शुक्रबार २८ नोभेम्बर २०२५ । अष्टमी, मार्ग शुक्लपक्ष । थिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३६ सूर्यास्त ५:०६।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# नेपाललाई पाठ बन्न सक्छ युक्रेन शान्ति योजना



✍गणेश अम्गाई

हालै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रस्ताव गरेको २८ बुँदे शान्ति योजनाले विश्वव्यापी कूटनीतिक वृत्तमा भूकम्प ल्याएको छ । यस योजनालाई सतही रूपमा द्वन्द्व अन्त्य गर्ने प्रयासका रूपमा प्रस्तुत गरिए पनि धेरै विश्लेषकले यसलाई 'रूसको इच्छासूची' वा 'युक्रेनको विनाशको योजना' भन्दै आलोचना गरेका छन् । यसका मुख्य प्रावधानहरू प्रत्यक्ष रूपमा रूसी हितलाई बढावा दिने खालका छन् । उदाहरणका लागि, शान्ति योजनाले युक्रेनलाई क्रिमिया, डोनेट्स्क र लुहान्स्क जस्ता कब्जा गरिएका क्षेत्रहरूलाई वस्तुत: रूसी क्षेत्रको रूपमा स्वीकार गर्न बाध्य पार्छ । यो अन्तर्राष्ट्रिय कानूनको एक प्रमुख सिद्धान्त, बल प्रयोगबाट सिमाना परिवर्तन नगर्ने मान्यताको स्पष्ट उल्लंघन हो ।

यसबाहेक, यसले युक्रेनको सैन्य क्षमतालाई ६ देखि ८ लाखको बीचमा सीमित गर्ने प्रस्ताव गरेको छ, जसले भविष्यमा हुनसक्ने रूसी आक्रमणबाट देशलाई कमजोर बनाउँछ । यो योजना युक्रेनको सार्वभौमसत्तामाथि ठूलो सम्झौता हो, जसले आक्रमणकारीलाई इनाम दिएर पीडितलाई दण्डित गरेको देखिन्छ । सैले युक्रेनी राष्ट्रपति जेलेन्स्कीले यसलाई 'स्वतन्त्रता र न्यायविहीन' सम्झौता भनेर चेतावनी दिएका छन् । यस किसिमको एकतर्फी प्रस्तावले अन्तर्राष्ट्रिय व्यवस्थामा नै गम्भीर प्रश्न खडा गरेको छ ।

**द्विविधा र विवादास्पद बुँदा**

ट्रम्पको यो योजनाले युक्रेनका लागि अत्यन्तै कठिन द्विविधा सिर्जना गरेको छ । एकातिर, योजना अस्वीकार गर्दा युक्रेनले अमेरिका र अन्य पश्चिमा राष्ट्रहरूबाट प्राप्त हुने महत्त्वपूर्ण सैन्य र आर्थिक समर्थन गुमाउने जोखिम मोल्छ । अर्कोतिर, स्वीकार गर्दा राष्ट्रिय सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतामा अपूरणीय क्षति पुग्ने निश्चित छ । योजनाको अर्को विवादास्पद बुँदा भनेको युक्रेनले नेटो सदस्यताको आकाङ्क्षालाई आफ्नो संविधानबाट कानूनी रूपमा त्यागनुपर्ने, जुन रूसको मुख्य सुरक्षा माग हो । बदलामा रूसले गैर-आक्रामकताको नीति कानूनमा राख्ने प्रस्ताव छ, जुन कार्यलाई विगतका अनुभवहरूका आधारमा धेरैले अविश्वसनीय मानेका छन् । यसबाहेक, योजनामा सन् २०१४ देखि रूस माथि लगाइएका प्रतिबन्धहरू हटाउने र रूसलाई जी-८ समूहमा पुन: समावेश गर्ने प्रस्ताव छ, जसले रूसलाई उसको आक्रमणको लागि पुरस्कृत गर्ने कार्य गर्दछ । यस्ता प्रावधानहरूले अन्तर्राष्ट्रिय राजनीतिमा बललाई अधिकारभन्दा माथि राखेको सन्देश प्रवाह गर्छ, जसले भविष्यमा अन्य महत्त्वाकांक्षी शक्तिहरूलाई पनि छिमेकी देशहरू माथि बल प्रयोग गर्न उत्साहित गर्न सक्छ ।

**युरोपको सुरक्षा र नेटोको भविष्य**

ट्रम्पको यो योजनाको गहिरो प्रभाव युक्रेनको सिमानाभन्दा बाहिर सम्पूर्ण युरोपेली सुरक्षा प्रणाली र नेटोको भविष्य माथि परेको छ । युरोपेली र नेटो नेताहरूले यस योजनाले रूसलाई थप प्रोत्साहन गर्ने र युक्रेनलाई भविष्यमा थप आक्रमणका लागि कमजोर पार्ने भन्दै गम्भीर चिन्ता व्यक्त गरेका छन् । योजनामा नेटोको थप विस्तारमा रोक लगाउने र रूस-नेटो सुरक्षा संवादलाई केन्द्रमा राख्ने प्रस्तावले नेटोको मूल सिद्धान्त (खुला ढोका नीति) माथि नै प्रश्न उठाएको छ । युरोपेली नेताहरूले सीमा बलपूर्वक परिवर्तन गर्न नहुने अन्तर्राष्ट्रिय सिद्धान्तमा आफ्नो अडान दोहोर्यामउँदै योजनामा 'अतिरिक्त काम' र सच्याउने आवश्यकता रहेको बताएका छन् ।

युद्धको भविष्यको सन्दर्भमा, विश्लेषकहरू यो योजनाले स्थायी शान्ति ल्याउनुको सट्टा केवल अस्थायी युद्धविराम मात्र गर्ने र रूसलाई आफ्नो सेना पुनर्संगठित तथा पुनर्निर्माण गर्नको लागि महत्त्वपूर्ण समय उपलब्ध गराउने तर्क गर्छन् । यसले गर्दा युरोपेली महादेशमा सुरक्षा र स्थायित्वको सङ्कट लामो समयसम्म रहने सम्भावना बढ्छ, जसले सम्पूर्ण पश्चिमा गठबन्धनको एकता र सङ्कल्पलाई चुनौती दिएको छ ।

**नेपालले के सिक्ने ?**

युक्रेनमा भइरहेको यो भूराजनीतिक नाटकले अन्तर्राष्ट्रिय राजनीतिमा यथार्थवादको कठोर नियमलाई एकपटक फेरि प्रमाणित गरेको छ । आजको संसारमा ठूला शक्तिहरूको राष्ट्रिय हित सधैं प्रधान हुन्छ र साना देशहरूको स्वार्थलाई प्राय: उपेक्षित गरिन्छ वा ठूला राष्ट्रहरूको स्वार्थपूर्तिको चेपुवामा पारिन्छ ।

युक्रेनको शान्ति योजनामा अमेरिका (एक प्रमुख शक्ति) को प्रस्ताव पनि रूस (अर्को प्रमुख शक्ति) को मुख्य मागहरूसँग मिल्दोजुल्दो देखिनुले यो यथार्थलाई पुष्टि गर्छ कि अन्त्यमा शक्तिहरू मिल्छन् र साना देशहरूले मूल्य चुकाउनुपर्छ । यो नै नेपालले सिक्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण पाठ हो । शान्ति, भाइचारा र आदर्शका कुराले मात्र अन्तर्राष्ट्रिय राजनीति चल्दैन, राष्ट्रहरूले आफ्नो राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखेर चल्नुपर्छ । नेपाल जस्तो चीन र भारत जस्ता दुई विशाल शक्तिहरू तथा अमेरिका लगायत पश्चिमा शक्तिको भूराजनीतिक चेपुवामा परेको देशले आफ्नो अस्तित्व र सार्वभौमसत्ता जोगाउनका लागि भावनात्मकता र आदर्शवादको खोलबाट बाहिर निस्केर कठोर यथार्थवादलाई अँगाल्नुपर्छ ।

**सक्रिय सन्तुलन र आन्तरिक एकता**

युक्रेनको उदाहरणबाट पाठ सिक्दै नेपालले आफ्नो विदेश नीतिमा सक्रिय सन्तुलनको रणनीतिलाई अनिवार्य रूपमा लागू गर्नुपर्छ । यसको अर्थ कुनै पनि शक्तिराष्ट्रको पूर्ण पक्षपोषण गर्नुहुन्न र सबै प्रमुख राष्ट्रहरूसँग नजिकको सम्बन्ध कायम राख्नुपर्छ, तर कसैको पनि सुरक्षा छातामुनि पूर्ण रूपमा नबस्ने अडान लिनुपर्छ । नेपालको विदेश नीति व्यवहार, काम र बोली तीनै कुरामा सन्तुलित देखिनुपर्छ । यसबाहेक, युक्रेनमा राजनीतिक अस्थिरता र आन्तरिक विभाजनले बाह्य शक्तिहरूलाई हस्तक्षेप गर्ने अवसर प्रदान गरेको तथ्यलाई मनन गर्दै, नेपालका लागि आन्तरिक एकता सबैभन्दा ठूलो सुरक्षा ग्यारेन्टी हो ।

कमजोर आन्तरिक राजनीतिक स्थितिले सधैं बाह्य शक्तिहरूलाई नेपालको आन्तरिक मामिलामा खेल खेल्ने मैदान उपलब्ध गराउँछ । तसर्थ, नेपालले राष्ट्रिय सुरक्षा र आर्थिक समृद्धिलाई केन्द्रमा राखेर राजनीतिक दलहरू बीच राष्ट्रिय सहमति र एकता कायम गर्नुपर्छ, जसले बाह्य शक्तिहरूबाट आउन सक्ने हस्तक्षेपलाई निस्तेज पार्न मद्दत गर्छ ।

**आर्थिक आत्मनिर्भरता र अर्थ-कूटनीति**

साना देशको सुरक्षाको उत्तम ग्यारेन्टी भनेको सैन्य क्षमताभन्दा पनि आर्थिक आत्मनिर्भरता र भू-रणनीतिक महत्त्वको सिर्जना हो । युक्रेन सङ्कटले देखाए झैं, जबसम्म कुनै देशको भूभाग वा अस्तित्व ठूला शक्तिहरूको आर्थिक वा रणनीतिक स्वार्थसँग जोडिएको हुँदैन, तबसम्म त्यस देशको सुरक्षा जोखिममा रहन्छ ।

नेपालले यो पाठलाई आत्मसात् गर्दै अर्थ-कूटनीतिमा पूर्ण रूपमा ध्यान केन्द्रित गर्नुपर्छ । नेपालले आफूलाई चीन र भारत बीचको विश्वासिलो र प्रभावकारी आर्थिक पुलका रूपमा स्थापित गर्नुपर्छ । यसका लागि पारवहन र यातायात सञ्जालको व्यापक विकास गरी दुवै छिमेकीको आर्थिक स्वार्थ नेपालको स्थिरतासँग जोड्नुपर्छ । जब दुवै छिमेकीलाई नेपालमा शान्ति र स्थिरता आवश्यक पर्छ, तब मात्र नेपालको सुरक्षा स्वत: सुनिश्चित हुन्छ । साथैह विदेशी लगानी, ऋण र अनुदान (जस्तै: एमसीसी, बीआर आई) लाई नेपालको आवश्यकता र प्राथमिकता अनुसार उच्च पारदर्शिता र कानूनको शासन अन्तर्गत मात्र भित्र्याउनुपर्छ, ताकि ती परि योजनाहरू भूराजनीतिक चेपुवामा नपरून् ।

**सफ्ट पावर र पर्वत कूटनीति**

भूराजनीतिक चेपुवामा सुरक्षा कायम गर्नका लागि नेपालले सफ्ट पावर र पर्वत कूटनीतिलाई एक शक्तिशाली रणनीतिक उपकरणको रूपमा प्रयोग गर्नुपर्छ । नेपालले जलवायु परिवर्तन, हिमाल संरक्षण, जलस्रोत व्यवस्थापन र दिगो विकास जस्ता साझा चासोका अन्तर्राष्ट्रिय विषयहरूमा विश्वव्यापी नेतृत्व लिएर आफ्नो अन्तर्राष्ट्रिय पहिचानलाई सुरक्षा र राजनीतिको चेपुवाबाट वातावरण र विकासमा केन्द्रित गर्नुपर्छ । यसले नेपाललाई विश्वव्यापी सरोकारको एक नैतिक आवाजको रूपमा स्थापित गर्न मद्दत गर्छ, जसलाई ठूला शक्तिहरूले पनि सम्मान गर्न बाध्य हुन्छन् । भू-रणनीतिक अवस्थितिले निम्त्याएको जोखिमलाई अन्तर्राष्ट्रिय महत्त्वको अवसरमा बदल्न सक्नु नै नेपालको दीर्घकालीन सुरक्षाको मार्ग हो ।

युक्रेनको नियतिले नेपाललाई सक्रिय, सचेत र यथार्थवादी बन्न आह्वान गरेको छ । नेपालले आफ्नो बलियो भू-रणनीतिक अवस्थितिलाई अभिशापको सट्टा अवसरका रूपमा प्रयोग गर्न सिक्नुपर्छ र यसका लागि दूरदर्शी नेतृत्व तथा राष्ट्रिय सहमति आजको टड्कारो आवश्यकता हो ।

**बहुआयामिक सुरक्षा रणनीति**

अन्त्यमा, युक्रेन सङ्कट र ठूला शक्तिहरूको विश्वव्यापी यथार्थवादबाट पाठ सिक्दै, नेपालले आफ्नो भूराजनीतिक सुरक्षा र सार्वभौमसत्ता सुनिश्चित गर्न विशिष्ट र बहुआयामिक रणनीतिहरूलाई व्यवहारमा उतार्नुपर्छ:

- रणनीतिक स्वायत्तता: कुनै पनि सैन्य गठबन्धन वा क्षेत्रीय सुरक्षा संरचनामा प्रत्यक्ष संलग्नताबाट जोगिने, बरु नेपाली सेनाको क्षमता अभिवृद्धि गर्दै असंलग्नताको नीतिलाई आधुनिक सन्दर्भमा अझ दृढतापूर्वक पालना गर्ने ।
- साइबर सुरक्षा: सूचना र प्रविधिलाई भूराजनीतिक हतियारका रूपमा प्रयोग गर्ने बढ्दो प्रवृत्तिको सामना गर्न साइबर सुरक्षा क्षमतामा ठूलो लगानी गरी सरकारी तथ्याङ्क र महत्त्वपूर्ण पूर्वाधारको विदेशी जासुसी र प्रभावबाट रक्षा गर्ने ।
- प्रवासी कूटनीति: विश्वभर छरिएका दक्ष र प्रभावशाली नेपाली समुदायलाई राष्ट्रिय स्वार्थ र 'सफ्ट पावर' प्रवर्द्धनमा परिचालन गर्ने ।
- अन्तर्राष्ट्रिय कानूनमा अडान: संयुक्त राष्ट्रसंघको बडापत्र र बल प्रयोगबाट सिमाना परिवर्तन नगर्ने जस्ता अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तहरूमा नेपालको स्थिर र स्पष्ट अडान निरन्तर दोहोर्या इरहने, जसले साना राष्ट्रहरूको हित रक्षा गर्न नैतिक आधार दिन्छ ।
- जलस्रोत कूटनीति: जलाशय र ऊर्जा कूटनीति मार्फत जलस्रोतको मुद्दालाई राजनीतिक विवाद भन्दा माथि राखेर भारत र चीन दुवैसँग दिगो ऊर्जा सहकार्यको पुल बनाउनु नै नेपालको स्थिरतामा साझा आर्थिक स्वार्थ सिर्जना गर्ने र भूराजनीतिक चेपुवा माथि उठेर राष्ट्रिय भविष्य सुरक्षित गर्ने एक मात्र भरपर्दो मार्ग हो ।

*(साभार: अनलाइनखबर)*

# वादमा होइन, बोधमा बाँचौं

✍इन्द्रकुमार श्रेष्ठ

संसारमा प्रत्येक युगले आ-आफ्नै वैचारिक धार, सिद्धान्त र वादहरू जन्माएका छन्- मार्क्सवाद, लेनिनवाद, समाजवाद, माओवाद, पूँजीवाद, गान्धीवाद, राष्ट्रवाद, नारीवाद, अस्तित्ववाद, धर्मनिरपेक्षवाद र अरू थुप्रै वैचारिक वादहरू । यी विचारहरू केवल वैयक्तिक, सामाजिक, भौगोलिक वा राजनीतिक भू-भाग विभाजन गर्ने औजार मात्र भएनन्, तिनीहरूले मानिसको चेतना, चिन्तन र इच्छाशक्तिलाई पनि फरक-फरक दिशामा तान्दै लगे । यसरी फरक-फरक आदर्श र ुवीकरणले विश्व मानव समाजलाई शताब्दीयौंदेखि विभाजित गरिरहेको छ, जसका कारण मानव इतिहास द्वन्द्व र विचारहरूको टकरावको लामो शृंखला बन्न पुगेको छ ।

प्राय: प्रत्येक वादको उदय कुनै न कुनै गहिरो पीडाको प्रतिक्रिया थियो- चाहे त्यो आर्थिक असमानता, राजनीतिक शोषण होस् वा सामाजिक अन्यायविरुद्धको गहिरो आक्रोश । त्यसकारण, तिनीहरूको आरम्भमा सधैं मुक्ति, समानता र मानवीय मर्यादाको उदात्त सपना लुकेको हुन्थ्यो र तिनीहरू समाजको जटिल रोग मेटाउने औषधिका रूपमा प्रस्तुत भएका थिए । तर, ऐतिहासिक अभ्यासले यस्ता विडम्बना पनि देखाउँछन् कि अत्यन्तै शुद्ध मानिएका विचारहरू पनि संरक्षण र विवेक नहुँदा शक्तिको साधन वा सङ्कीर्ण स्वार्थपूर्ति गर्ने यन्त्रमा परिणत हुन सक्छन् । जब कुनै पनि वाद आफ्नो मूल सिद्धान्त र मानवतावादी ध्येयबाट विचलित हुन्छ, तब त्यो नयाँ प्रकारको दासत्व, विभाजन र अन्तत: द्वन्द्वको कारक बन्न पुग्छ ।

यस सन्दर्भमा, हामीले विश्वलाई दुई ध्रुवमा बाँड्ने प्रमुख आर्थिक र सामाजिक वादहरूको यात्रालाई गहिरोसँग नियाल्नु आवश्यक छ । कार्ल मार्क्सले श्रमिकका आँसु देखे र पूँजीवादी शोषणको तीतो सत्य उजागर गर्दै समानताको सशक्त आवाज उठाए । उनको सिद्धान्तको केन्द्रीय मर्म 'मानव मुक्ति' र वर्गविहीन समाजको स्थापना थियो, जहाँ उत्पादनका साधनमाथि सबैको पहुँच होस् । समाजवाद वा साम्यवाद यही सिद्धान्तमा आधारित परिकल्पना थियो । यसले अन्याय र शोषणको अन्त्य गर्ने आश्वासन दिएको थियो । तर, ऐतिहासिक प्रयोगका क्रममा यसका अनुयायीहरूले कहिलेकाहीं त्यसैका नाममा वर्ग-संघर्षको हिंसात्मक बाटो मात्रै रोजेनन्, बरु लेनिन र स्टालिनको नेतृत्वमा साम्यवादी समाजको परिकल्पना कतै-कतै भीषण तानाशाहीको रात्रिमा समेत रूपान्तरण भयो ।

यस व्यवस्थामा, कतिपय देशमा सरकार आफैं नोकरशाही यन्त्र बन्यो, जसले जनतालाई मुक्त गर्नुको सट्टा व्यक्तिगत स्वतन्त्रता र मौलिक अधिकारहरूलाई कुण्ठित गर्‍यो । आर्थिक रूपमा, केन्द्रीय नियन्त्रण र व्यक्तिगत प्रोत्साहनको अभावका कारण उत्पादनमा ह्रास आयो र अन्तत: त्यो विचार आफ्नो मौलिक लक्ष्यबाट स्खलित भयो ।

अर्कोतर्फ, पूँजीवादले व्यक्तिगत स्वतन्त्रता, निजी सम्पत्तिको अधिकार र उद्यमशीलताको सिद्धान्तलाई फैलायो । यसको मूल मर्म नै प्रतिस्पर्धा र नवप्रवर्तनका माध्यमबाट आर्थिक समृद्धि हासिल गर्नु थियो । पूँजीवादले विश्वमा अभूतपूर्व आर्थिक क्रान्ति र सम्पत्तिको निर्माण पनि गर्‍यो तर यसले अनियन्त्रित नाफाको लोभ र स्वार्थलाई प्रोत्साहन दिँदै विशाल आर्थिक असमानताको गर्त पनि बनायो । जब पूँजीवाद नैतिक विवेक र नियमनबाट विचलित हुन्छ, तब यो केवल क्रोनी पूँजीवादमा परिणत हुन्छ, जहाँ मुट्ठीभर शक्तिशाली मानिसहरूले राज्यको नीतिलाई आफ्नो हितमा प्रयोग गर्छन् ।

यसले सामाजिक न्यायको अवधारणालाई पूरै बिर्सेर स्वास्थ्य, शिक्षा र वासस्थानजस्ता आधारभूत मानव आवश्यकताहरूलाई समेत केवल महँगो वस्तुमा परिणत गर्छ । यसरी, स्वतन्त्रताको सिद्धान्तमा आधारित भए पनि, पूँजीवादले एक विशाल जनसंख्यालाई विपन्नता र शोषणको चक्रमा फसायो ।

माओवादी आन्दोलनले वर्गमुक्त समाजको सपना देख्यो, तर त्यो सपना कहिलेकाहीं गोलाबारीको धुवाँमा र सत्ताको मोहमा पनि परिणत भयो । महात्मा गान्धीले सत्य, अहिंसा र आत्मशुद्धिको बाटो देखाए, जुन कुनै पनि प्रकारको हिंसात्मक क्रान्तिभन्दा माथि थियो, तर समयको कठोर राजनीति र महत्वाकाङ्क्षाले त्यो शुद्ध बाटोलाई पनि कठिन र व्यवहारमा असम्भवजस्तो बनाइदियो । त्यति मात्र होइन, नारीवादले महिलाको स्वतन्त्रता, हक र न्याय खोज्दा कतैकतै पुरुषविरोधी सङ्कीर्ण धार बन्यो । राष्ट्रवादले आफ्नो पहिचानको रक्षा गर्न खोज्दा विश्वव्यापीकरणको युगमा घृणा र सङ्कुचन जन्मायो । अस्तित्ववादले व्यक्तिको पूर्ण स्वतन्त्रता खोज्दा समाज र सम्बन्धविहीन एकाकीपन फैलायो । धर्मनिरपेक्षवादले सहअस्तित्वको कुरा गर्दा पनि, यसको गलत व्याख्याले धर्मको नाममा वैमनस्य र राजनीतीकरण मच्चियो ।

अत: हामी भन्न सक्छौं, वादहरू शुरुमा मानवसेवाका साधन थिए, तर समयसँगै ती केवल विभाजनका अस्त्र बन्न पुगे । जसले विचारको बाटो हिँड्नुपर्ने थियो, उसले त्यसलाई विपक्षी हराउने हतियार बनायो । फलत: वादहरू बिस्तारै 'मानवको सेवामा होइन, मानवमाथि शासन गर्ने' सिद्धान्त बन्दै गए । आजको आवश्यकता भनेको वादहरूको उत्पत्तिको उद्देश्य सम्झनु र तिनका लाभ-हानि ठाउँ-ठाउँमा जाँच्दै मानवीय धर्म, स्वतन्त्रता र समानतालाई बीचको सन्तुलनमा राख्नु हो । हामीले यो बिर्सनुहुँदैन कि कुनै पनि वाद तब मात्र सफल हुन्छ जब त्यो मानवताको हितमा समर्पित हुन्छ, अन्यथा त्यो केवल अर्को असफलताको कथा बन्न पुग्छ ।

तर, मानवता यी सबै वादहरूको कोलाहलभन्दा माथिको सत्य हो । मानवता कुनै राजनीतिक नारा, पार्टीको घोषणापत्र वा दार्शनिक सूत्र होइन । यो त आत्माको सहज आलोक हो- जसले जात, धर्म, रङ्ग, लिङ्ग र सीमाभन्दा माथि उठेर बोल्छ । मानवताको परिभाषा सरल छ : जब हामी अरूको पीडा महसुस गर्न सक्छौं, जब कसैको आँसुले हाम्रो फदय छोएर त्यो हाम्रै आँखामा सर्छ, जब हामी आफ्नो सानो स्वार्थभन्दा माथि उठेर, सम्पूर्ण जीवनको कल्याणको बारेमा सोच्न सक्छौं, त्यो नै मानवता हो । त्यसका लागि कुनै घोषणापत्र, सिद्धान्त वा वाद चाहिएन, केवल हृदय, करुणा र संवेदना चाहिन्छ ।

साधु फदयले यो कुरा सहजै बुझ्छ– वादहरू अस्थायी हुन्, मानवता शाश्वत । बुद्धले कुनै 'बुद्धवाद' वा संगठित धर्म बनाएका थिएनन्, केवल करुणा र प्रज्ञा बाँडेका थिए । यशुले कुनै 'ईसाई धर्म'को जग बसालेका थिएनन्, केवल प्रेमको प्रकाश फैलाएका थिए । उनीहरू वादमा होइन, बोधमा बाँच्थे । बोध भनेको जीवनको गहिरो अनुभूति, आत्मिक जागरूकता र क्षण-क्षणको उपस्थिति हो । यो वादहरूको कोलाहलमा कतै हराएको सत्य हो ।

आजको युगमा हामीसँग सूचना, प्रविधि र सञ्जालको विशाल भण्डार छ । यसले भौतिक दूरीलाई त घटाएको छ तर सहानुभूति हराएको छ । सञ्जालमा जो पनि व्यस्त छ तर मानवीय सम्बन्ध अस्तव्यस्त छ । मानिस वादमा गर्व गर्छ, तर फदयको मौनता सुन्न सक्दैन । हामी नै पनि वादका नाममा चर्को भाषण दिन सक्छौं, तर छिमेकीको पीडा बुझ्दैनौं । यही विडम्बना हो- मानिस बन्न सजिलो छ, मानव बन्न कठिन छ ।

मानव भएर मानवतावादी बन्नु भनेको वादहरूको भीडबाट एक कदम पछाडि हटेर आत्मामा फर्किनु हो । यो साधना हो, जहाँ क्रोधभन्दा करुणा ठूलो हुन्छ, जहाँ विजयभन्दा विनम्रता महत्वपूर्ण हुन्छ । मानवतावाद कुनै वादको विरोध होइन, बरु यो त वादहरूको परिपूर्णता हो । किनभने सबै वादहरूको अन्तिम ध्येय पनि मानव कल्याण नै हो । तर दुर्भाग्यवश, अनेक वादहरू बाटोमा अलमलिए र गन्तव्य बिर्सिए, जसले गर्दा मानवतावाद यताउता अलमलिइरहेको देखिन्छ ।

यदि हामी मानवताको बाटोमा हिँड्न सिक्यौं भने, हामी सबै वादहरूलाई सम्मानका साथ स्वीकार्न सक्छौं तर तिनमा बाँधिनुपर्दैन । मार्क्स पनि हाम्रा हुन्, गान्धी पनि हाम्रा, यशु पनि हाम्रा, बुद्ध पनि हाम्रा हुन् । किनभने ती सबैले अन्तत: मानिसमा नै विश्वास गरेका थिए । यसबाट प्रस्ट हुन्छ- वादहरू केवल रूप हुन्, मानवता सार हो ।

आज विश्वले नयाँ क्रान्तिको आवश्यकता महसुस गरिरहेको छ तर त्यो बन्दुक, सत्ता परिवर्तन वा राजनीतिक नाराको होइन, त्यो फदयको क्रान्ति हो । त्यो वादको होइन, चेतनाको पुनर्जागरण र बोधको क्रान्ति हो । र, यो क्रान्ति त्यो बेला शुरु हुन्छ जब हामी आफ्ना फदयका ढोका खोल्छौं र भन्छौं- 'म तिमीझैं छु, तिमी मझैं हौ ।' वादहरू आउने-जाने गर्छन्, सिद्धान्तहरू परिवर्तन हुन्छन् तर मानवताको प्रकाश कहिल्यै निभ्दैन । त्यसैले वादमा होइन, बोधमा बाँच्न सिकौं । दलगत स्वार्थमा होइन, दिल (हृदय) मा बस्न सिकौं । त्यही बोध नै वास्तविक मुक्ति हो, त्यही मानवता नै सर्वोच्च धर्म हो र त्यही जीवनशैली नै सच्चा साधना हो । वादहरू मर्न सक्छन् तर मानवता अमर रहिरहन्छ । यही नै युगको सत्य हो ।

*(साभार: न्यूज अफ नेपाल)*




# रञ्जित कुमारको स्पीनमा फसेको विराटनगर



काठमाडौं/चितवन राइनोजका युवा स्पीनर रन्जित कुमारले सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) मा सुरुवाती दुई खेल खेलेका थिएनन् । उनले बेन्चमै बसेर खेल हेरेका थिए । चितवन राइनोजले पहिलो खेलमा कर्णाली याक्सलाई पराजित गरेको थियो भने दोस्रो खेलमा लुम्बिनी लायन्ससँग पराजित भएको थियो । तर तेस्रो खेलमा आएर रञ्जितले खेल्ने अवसर पाए ।

१९ वर्षीय बायाँ हाते स्पीनरले बुधबार भएको विराटनगर किंङ्सविरुद्धको खेलमा पाएको त्यो अवसरलाई खेर फालेनन्, मज्जैले सदुपयोग गरे । उनले खेलमा एक्लैले ५ विकेट लिएर चितवनलाई दोस्रो सिजनको दोस्रो जित दिलाए । रन्जितको त्यो सानदार बलिङमा यसअघि अपराजित रहेको विराटनगरको केही लागेन । रन्जितकै बलिङमा विराटनगरको ३ खेलको अपराजित यात्रामा ब्रेक समेत लागेको छ ।

यसअघि सुरुवाती तीन खेलमा लगातार जित हात पार्दै यस सिजन उत्कृष्ट सुरुवात गरेको विराटनगर चितवनमाथि हावी हुन सक्ने धेरै अनुमान थियो । तर मैदानमा भने फरक नतिजा आयो । ब्याटिङमा इंग्लिस खेलाडी रवि बोपाराको सानदार अर्धशतकपछि रन्जितले बलिङमा चितवनले विराटनगरमाथि ४८ रनको प्रभावशाली जित हात पारेको हो । शानदार बलिङ गरेका रञ्जित कुमार नै 'प्लेयर अफ द म्याच' घोषित भए ।

**रञ्जितको सनसनीपूर्ण बलिङ**

चितवनले दिएको १७५ रनको चुनौतीपूर्ण लक्ष्य पछ्याउन मैदान प्रवश गरेको विराटनगरका ओपनिङ ब्याटर लोकेश बम दोस्रो ओभरमै आउट भए । त्यसपछि विराटनगरका लागि पहिलो खेल खेल्दै गरेका अस्ट्रेलियन साम हिजलेट ब्याटिङमा आए । तेस्रो ओभरमा अर्का ओपनर जर्ज मन्से पनि आउट भएपछि विराटनगर दबाबमा आइसकेको थियो ।

अनि खेलको पाँचौं ओभर लिएर आए रञ्जित कुमार । त्यसपछि उनको धमाका सुरु भयो । त्यसपछि लगातार ५ विकेट उनकै नाममा रह्यो । दोस्रो बलमा हिजलेटले छक्का प्रहार गरेपनि लगत्तै अर्को बलमा एलबीडब्लु आउट गराए । त्यही ओभरको पाँचौं बलमा बसिर अहमदलाई पनि शून्यमै आउट गरे ।

पहिलो ओभरमै दुई ठुला सफलता हात पारिसकेका रञ्जितले आफ्नो दोस्रो एवं इनिङको सातौं ओभरको अन्तिम बलमा नरेन भट्टलाई पनि आउट गरे । त्यसपछि तेस्रो ओभरमा कुनै विकेट नलिएका रञ्जितले अन्तिम ओभरमा फेरि २ विकेट लिए र विराटनगरको सम्भावना समाप्त पारिदिए । उनले इनिङको ११औं ओभरमा नारायण जोशी र सूर्य तामाङलाई आउट गर्दै ५ विकेट पूरा गरे । ५ विकेट लिएपछि मैदानलाई ढोगे पनि ।

त्यसबेला विराटनगर ११ ओभरमा ५४-७ को दयनीय अवस्थामा पुगिसकेको थियो । त्यसपछि मर्चेन्ट डे लाङ र प्रतिश जीसीले केही ठूला शटहरू खेलेपनि ढिला भइसकेको थियो ।

खेलपछि कुरा गर्दै रञ्जितले आजको खेलमा राम्रो गर्छु भन्ने सोचेर मैदान प्रवेश गरेको बताए । 'मेरो प्लान क्लियर थियो, तिमी ढुक्क भएर बलिङ गर भन्नुभयो दाईहरूले पनि' उनले भने, 'टिमले धेरै सपोर्ट गर्नुभएको थियो, त्यसका लागि पनि धन्यवाद दिन चाहन्छु ।' 'आज विहानैदेखि मेरो दिन हो भन्ने भाइब्स आइरहेको थियो, त्यही अनुसार प्रदर्शन पनि भयो' उनले थपे ।

रञ्जितले टिममा भएका अनुभवी विदेशी खेलाडीले पनि सपोर्ट गर्ने गरेको र केही मिस्टेकहरू हुँदा सम्झाउने गरेका कारण धेरै साथ मिलेको उल्लेख गरे ।

**ब्याटिङमा बोपाराको 'कन्सिस्टेन्सी'**

इंग्ल्यान्डका अनुभवी मिडल अर्डर ब्याटर रवि बोपाराले आफ्नो कन्सिस्टेन्ट ब्याटिङ प्रदर्शन आजको खेलमा पनि देखाए । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको चितवनका लागि उनले अर्धशतक प्रहार गर्दै राम्रो योगफलमा पुऱ्याएका थिए ।

सुरुमै जीवनदान पाएका उनले त्यसको भरपुर फाइदा उठाए । ४ रनमा खेलिरहँदा प्रतिश जीसीले डिप मिडविकेटमा उनको क्याच छाडेका थिए । त्यसपछि उनले थप ६१ रन जोडे । उक्त क्याच 'ड्रप' विराटनगरका लागि महँगो साबित भयो ।

बोपाराले यस सिजनको तेस्रो खेल खेल्दा लगातार तीन अर्धशतक बनाएका हुन् । समग्रमा उनको यो चौथो अर्धशतक समेत हो । गत संस्करणको प्लेअफमा कर्णाली याक्ससँग पराजित हुँदा पनि उनले अर्धशतक बनाएका थिए । त्यसपछि उनले यस संस्करणको सबै खेलमा अर्धशतक बनाएका छन् । यसले उनको कन्सिस्टेन्सी अनि टिमका लागि उनी कति महत्वपूर्ण छन् भन्ने देखाउँछ ।

१०औं ओभरमा उनको क्याच ड्रप हुँदा चितवन ७३-३ को अवस्थामा थियो र त्यो स्कोर ७३-४ बन्न सक्थ्यो । त्यसले खेलको मोमेन्टम परिवर्तन गरेर विराटनगरको पक्षमा ल्याउन सक्थ्यो ।

**विराटनगरको अपराजित यात्रामा 'ब्रेक'**

विराटनगरले यस खेल खेल्नुअघि लगातार तीन खेल जितेर आएको थियो । पहिलो खेलमा पोखरा एभेन्जर्सलाई हराएको विराटनगरले त्यसपछि काठमान्डु गोर्खाज र जनकपुर बोल्ट्सलाई हराएको थियो ।

तर चौथो खेलमा आएर विराटनगर चितवन राइनोज विरुद्ध 'आउटप्लेड' भएको छ । अपराजित यात्रामा पनि 'ब्रेक' लागेको छ, त्यो मोमेन्टम चितवनले तोडिदिएको छ । त्यसको मुख्य दुई नायक रञ्जित कुमार र बोपारा नै रहे ।

विराटनगरका मुख्य प्रशिक्षक धम्मिकाले ब्याटिङ राम्रो नहुँदा हार बेहोरेको बताए । 'आज हाम्रो दिन थिएन, सुरुवातदेखि नै ब्याटिङ राम्रो भएन, सबैले त्यसको जिम्मेवारी लिनुपर्छ' उनले भने । धम्मिकाले एक नराम्रो खेलले मात्र केही नबिग्रिएको र केही कुराहरूमा सुधार गरेर अर्को खेलमा 'बाउन्स ब्याक' गर्ने बताए । अंकतालिकामा ४ खेलमा ६ अंक भएको विराटनगर दोस्रो स्थानमा यथावत् छ भने चितवन राइनोज ३ खेलमा ४ अंक जोडेर तेस्रो स्थानमा उक्लिएको छ ।

(स्रोत: अनलाइनखबर)

## मकवानपुरमा पहिलो पब्लिक स्पिकिङ शो

# 'मेरो बुलन्द आवाज जुनियर' सिजन-१ हुँदै




साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ मकवानपुरमा मेरो बुलन्द आवाज जुनियर सिजन-१ हुने भएको छ । प्रेस विज्ञप्ति जारी गर्दै मनको कुरा मञ्चसम्म भन्ने मूलनारासहित मेरो बुलन्द आवाज जुनियर सिजन-१ पब्लिक स्पिकिङ कार्यक्रम हुन लागेको हो ।

पब्लिक स्पिकिङ ट्रेनिङ सेन्टर हेटौंडा र ड्रिम्स म्युजिक स्कुल हेटौंडाको साझा प्रयासमा सिजन-१ हुन लागेको पब्लिक स्पिकिङ ट्रेनिङ सेन्टर हेटौंडाका प्रमुख रुपक कालिराजले जानकारी दिए । मकवानपुरमा पहिलोपटक पब्लिक स्पिकिङ रियालिटी शो आयोजना गर्न लागेको जानकारी गराउन पाउँदा हर्षित भएका उनले बताए । उनले भने, 'जिल्लाका विद्यार्थीलाई आत्मविश्वास, अभिव्यक्ति क्षमता, वक्तृत्वकला र नेतृत्वगुण विकासमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम कक्षा ६ देखि १० सम्ममा विद्यार्थीलाई लक्षित गरी विद्यालयमै पुगेर छनोट गरिने छ ।'


उनले मकवानपुरका विद्यालयका उत्साही तथा इच्छुक विद्यार्थीलाई यस कार्यक्रममा सहभागी हुन अनुरोध गरे । कार्यक्रमले विद्यार्थीलाई आफ्नो विचार खुलस्त अर्थात निर्धक्क व्यक्त गर्न, सामाजिक तथा शैक्षिक विषयमा बोल्न सिक्न तथा सार्वजनिक सहभागितामा अग्रसर हुन महत्वपूर्ण भूमिका निभाउने कार्यक्रमका निर्देशक अनन्त खुलालले बताए । 'अहिले मेघा अडिसनका लागि स्टुडियोको निर्माण अन्तिम चरणमा पुगिसकेको र प्रि-अडिसन २०८२ मंसिर १५ गतेदेखि सुरु हुनेछ' खुलालले भने । प्रवेश निशुल्क रहेको अडिसनमा करिब ५ सय जनाको सहभागिता हुने अपेक्षा गरिएको छ ।

आयोजकका अनुसार अडिसनमा विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तित्व निर्णायकका रुपमा रहेका छन् । निर्णायकको रुपमा लामो समय खोजपत्रकारितामा सक्रिय देवराज पन्त, आधुनिक राष्ट्रिय माविका सहप्रध्यानाध्यापक मालती पोखरेल र तुलसीमेहर मोमोरियल माविका सहायक प्रिन्सीपल कमल नेपाल रहेका छन् ।

जुनियर सिजन-१ का विजेतामा प्रथम हुनेले नगद ५० हजार, शिल्ड, प्रमाणपत्र, दोश्रो हुनेले नगद ३० हजार र तेश्रो हुनेले नगद २० हजारसहित शिल्ड, प्रमाणपत्र प्राप्त गर्नेछन् । जुनियर सिजन-१ कार्यक्रम सम्पन्न गर्न करीब १० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

## प्रतिनिधिसभा निर्वाचन:

# ४० दिनका लागि भर्ना हुँदै १ लाख ३० हजार बढी म्यादी




काठमाडौं/सरकारले आगामी २१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचन सुरक्षाका लागि म्यादी भर्नाको गृहकार्य अघि बढाएको छ । प्रहरी प्रधान कार्यालयको कार्य विभागले यसबारे अध्ययन गरी मन्त्रालयमा एउटा प्रस्ताव समेत पठाएको छ । जसमा अघिल्लो निर्वाचन (२०७९)को भन्दा कम्तीमा पनि १५ देखि २० प्रतिशत बढी म्यादी भर्ना गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

यो प्रस्ताव भने अहिले छलफलकै क्रममा रहेको मन्त्रालयले बताएको छ । ५ मंसिरसम्म मतदाता नामावली संकलनको म्याद थपिएको थियो । म्याद थपिए पनि त्यसको विवरण आएर विश्लेषण गर्न बाँकी नै रहेको भन्दै कति संख्यामा म्यादी भर्ना गर्ने भन्ने अझै टुंगो लागिनसकेको गृह मन्त्रालयले जनाएको छ । 'अन्तिम मतदाता नामावलीपछि म्यादी प्रहरी भर्नाको संख्या यकिन हुन्छ । अहिले छलफलकै क्रममा रहेको छ,' मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले भने ।

प्रहरीले माग गरेअनुसार अहिलेकै अवस्थामा कम्तीमा पनि १ लाख ३२ हजार २५० म्यादी भर्ना गर्नुपर्ने हुन्छ । २०७९ को निर्वाचनभन्दा कम्तीमा पनि १५ देखि २० प्रतिशत बढी म्यादी भर्ना गनुपर्ने प्रस्ताव गरिएकाले म्यादीको संख्या बढ्ने निश्चित छ । २०७९ को निर्वाचनमा १ लाख १५ हजार म्यादी प्रहरी भर्ना गरिएको थियो ।

अहिले पहिलाको भन्दा सुरक्षा चुनौती जटिल बनेको, फरक अवस्थामा निर्वाचन हुन लागेको, सुरक्षाकर्मीका लुटिएका हतियारहरू बाहिरै रहेको, कारागार बाट भागेका कैदी र थुनुवाका कारण सुरक्षा चुनौती थप जटिल बनेको, मतदाताको संख्या पनि थप भएको जस्ता कारणले म्यादी प्रहरीको संख्या १५ देखि २० प्रतिशत बढाउनुपर्ने प्रस्ताव प्रहरी प्रधान कार्यालयले गरेको हो ।

प्रहरीले भने जस्तै २३ र २४ भदौमा भएको जेनजी आन्दोलनको क्रममा कारागार तोडफोड तथा आगजनी गरी १४ हजारभन्दा बढी कैदी फरार भएका थिए । अझै ५ हजार बढी कैदीबन्दी कारागार बाहिरै छन् । यता, प्रहरीका मात्रै १ हजार २७१ हतियार लुटिएका थिए । तीमध्ये करिब आधा हतियार अझै बाहिरै छन् । लाइभ राउन्ड गोली मात्रै ९८ हजार हराएका छन् । ठूलो संख्यामा गोली, हतियार गायब हुनु र कैदीबन्दी तथा थुनुवाहरू कारागार र हिरासत बाहिरै रहनुले ठूलो सुरक्षा चुनौती हुने बताइएको छ ।

यसै सन्दर्भमा गृहमन्त्री ओमप्रकाश अर्यालले २ कात्तिकमा दलहरूले कैदी र हतियार निर्वाचनमा प्रयोग गर्दैनौं भनेर स्वघोषणा गर्नुपर्ने बताएका थिए । नेकपा एमालेले भने यिनै विषयहरूलाई आधार कारण देखाउँदै निर्वाचन हुन नसक्ने बताउँदै आएको छ । निर्वाचन आउन करिब तीन महिना मात्र समय बाँकी रहेकाले जतिसक्दो चाँडो निर्णय गरेर म्यादी प्रहरी भर्ना गर्नुपर्ने अवस्था रहेको प्रहरी प्रधान कार्यालयले बताएको छ ।

दरखास्त आह्वानका लागि समय, त्यसपछि छनोट प्रक्रिया र त्यो सकिएपछि तालिमसमेत दिनुपर्ने भएकाले जतिसक्दो चाँडो निर्णय गरेर भर्ना प्रक्रिया आह्वान गर्नुपर्ने प्रहरी अधिकारीहरू बताउँछन् । अघिल्लो निर्वाचनमा जम्मा ६ दिनको समय राखेर दरखास्त दिने समय तोकिएको थियो । त्यसपछि छनोटको प्रक्रिया ५ दिनमा सक्ने गरी मिलाइएको थियो । छनोट मिति सकिएको १० दिनपछि छनोट भएका म्यादी प्रहरीको अन्तिम नतिजा प्रकाशित गरिएको थियो ।

अन्तिम नतिजा प्रकाशित भएको ५ दिनपछि तालिम दिन सुरु गरिएको थियो । तालिमको अवधि भने ८ दिनको राखिएको थियो । दरखास्त आह्वानदेखि तालिम सकिएर निर्वाचनमा खटिने गरी म्यादी प्रहरी तयार पार्न कम्तीमा पनि ३४ दिन लाग्ने देखिन्छ । अघिल्लो निर्वाचनमा ४० दिनको सेवा-सुविधा दिने गरी म्यादी प्रहरी खटाइएको थियो । उनीहरूलाई प्रहरी जवानको सुरु स्केलको तलबअनुसार ४० दिनको सेवा-सुविधा दिइएको थियो । यसपटक पनि ४० दिनकै लागि म्यादी प्रहरी भर्ना गर्नेगरी तयारी अघि बढेको काफ्लेले बताए ।

म्यादी भर्ना गर्दा १८ वर्ष उमेर पूरा भएर ५४ वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने, अवकाश प्राप्त आर्मी, सशस्त्र प्रहरी, नेपाली प्रहरीहरूलाई विशेष प्राथमिकता दिने जस्ता प्रावधान रहनेछन् । उनीहरूको तलबभत्ता तथा सेवा-सुविधा प्रहरी जवान सरह नै हुने बताइएको छ । मतदान केन्द्रहरूलाई सामान्य, संवेदनशील र अतिसंवेदनशील गरी तीन भागमा छुट्याइने र त्यसैअनुसार म्यादीसहितका सुरक्षाकर्मी खटाइने बताएको छ । पहिलो घेरामा प्रहरी, म्यादी प्रहरी रहेनछन् । त्यसपछि दोस्रो घेरामा सशस्त्र प्रहरीले सुरक्षा गर्ने बताइएको छ ।

अन्तिम अर्थात् तेस्रो घेरामा भने नेपाली सेनाले सुरक्षा गर्ने बताइएको छ । मतदान केन्द्र संवेदनशिलताका आधारमा सुरक्षाकर्मीहरू परिचालन हुन्छन् ।

**एक महिना अघिबाटै सेना परिचालनको तयारी**

९ असोजको केन्द्रीय सुरक्षा समिति बैठकले गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ तर्जुमा गर्नका लागि कार्यदल गठन गरेको थियो । यो कार्यदलमा सुरक्षा निकायमा प्रतिनिधिहरू समेत थिए । यसको संयोजक गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले थिए । काफ्लेले बुझाएको 'एकीकृत निर्वाचन सुरक्षा योजना २०८२' गृहमन्त्री ओमप्रकाश अर्याल संयोजक रहेको केन्द्रीय सुरक्षा समितिले ३० कात्तिकमा पास गऱ्यो ।

यो सुरक्षा योजनामा निर्वाचनको अवधिमा सुरक्षा निकायहरू कसरी परिचालन हुने भन्नेबारे उल्लेख छ । सुरक्षाका प्लानलाई तीन तहमा विभाजन गरिएको छ । निर्वाचनपूर्वको अवधि, निर्वाचनको अवधि र निर्वाचन पश्चात्को अवधि गरी तीन चरणमा सुरक्षा बाँडिएको छ । उक्त अवधिमा कसरी, कस्तो सुरक्षा योजनामा काम गर्ने भन्ने उल्लेख गरिएको छ ।

बैठकले नेपाली सेना परिचालनको प्रस्ताव गर्ने निर्णय समेत गरेको थियो । यो प्रस्ताव राष्ट्रिय सुरक्षा परिषद्मा पुगेको थियो । ४ मंसिरमा सुरक्षा परिषद्को सिंहदर बारस्थित कार्यालयमा बसेको ४१औं बैठकले त्यसलाई पारित गर्दै निर्वाचनमा सेना परिचालन गर्न मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

अब मन्त्रिपरिषद्ले निर्णय गरेपछि सेना परिचालनको बाटो खुल्छ । यो पटक भने सुरक्षा चुनौती उच्च रहेको निष्कर्ष निकाल्दै निर्वाचनको एक महिना अघिदेखि नै सेना परिचालन गर्ने तयारी गरिएको छ । ९ मंसिरदेखि निर्वाचन सुरक्षा लक्षित प्रदेशस्तरीय सुरक्षा गोष्ठी समेत सुरु गरिएको छ । हिजो मात्रै लुम्बिनी प्रदेशको भैर हवाबाट सुरक्षा गोष्ठीको सुरुवात भएको छ । सुरक्षा गोष्ठी निर्वाचन सुरक्षामा केन्द्रित थियो ।

म्यादी भर्ना प्रक्रियासँग सँगै चुनावका लागि सुरक्षा निकायलाई गाडी किन्ने प्रक्रिया पनि अघि बढाइएको छ । चुनावको वातावरण निर्माण गर्न तीनै सुरक्षा निकायका लागि अत्यावश्यक सवारी साधन खरिद हुन जरुरी भएकाले चुनाव अगाडि नै सवारी साधन खरिद भइसक्ने गरी व्यवस्था मिलाइएको मन्त्रालयले बताएको छ । गृह मन्त्रालयको तथ्यांकअनुसार अर्थ मन्त्रालयबाट नेपाल प्रहरीलाई नियमित बजेटबाट १५६ वटा सवारी साधनको लागि ३५ करोड ११ लाख, र थप १०६ वटा सवारी साधन खरिदको लागि ४५ करोड ३० लाख थप स्रोत सहमति प्राप्त भइसकेको छ । यस आर्थिक वर्षमा नेपाल प्रहरीले कूल ८० करोड ४१ लाख रुपैयाँको विभिन्न सवारी साधन खरिद गर्ने तयारी रहेको छ ।

(स्रोत: अनलाइनखबर)

# पशुसेवा कार्यालयको वार्षिक कार्यक्रम सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ पशुसेवा कार्यालय मकवानपुरले वार्षिक कार्यक्रम सार्वजनिक साथै त्रैमासिक समीक्षा गरेको छ ।

बुधबार गोष्ठी आयोजना गरी कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम सार्वजनिक गरेको हो । कार्यालयप्रमुख बरिष्ठ पशुविकास अधिकृत डा. रामप्रकाश प्रधानले चालुतर्फ ४ करोड ९६ लाख रुपैयाँ र पुँजीगततर्फ २३ लाख ४० हजार रुपैयाँको कार्यक्रम कार्यान्वयन गर्न लागिएको जानकारी दिए । जेनजी आन्दोलनपछि बजेट कटौती भएकाले वार्षिक कार्यक्रम सार्वजनिक गर्ने तथा कार्यक्रम कार्यान्वयनमा ढिलाई भएको बताउँदै प्रधानले अब कार्यालयले तोकिएको कार्यक्रम तीव्रताका साथ गर्ने प्रतिवद्धता व्यक्त गरे ।



उनले चालु वर्षमा कार्यालयले खोरेत रोगक्षेत्र कार्यक्रम अन्तर्गत खोप कार्ड छपाई र समन्वय बैठक गरिने जानकारी दिए । कार्यालयमार्फत् एकवडा एक कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिने उनले बताए । यो कार्यक्रमका लागि ५६ लाख रुपैयाँ विनियोजन गरिएको छ । त्यस्तै पशुपंक्षी रोज सर्भिलेन्स तथा नमुना संकलन, परीक्षण, संक्रामक रोगविरुद्धको खोप कार्यक्रम, मत्स्यपालन क्षेत्र विकास कार्यक्रम कार्यालयले गर्ने जनाएको छ । यसैगरी पशुपंक्षी तथा मत्यसजन्य पदार्थ उपभोग प्रवर्द्धन कार्यक्रममा पनि कार्यालयले बजेट विनियोजन गरेको छ ।

कार्यालयप्रमुख प्रधानको अध्यक्षतामा भएको गोष्ठीमा कार्यालयका डा. मदन भण्डारीले त्रैमासिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । ईन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, मकवानपुर गढी-६ का वडाध्यक्ष कृष्णप्रसाद बजगाई, कैलाश-३ का वडाध्यक्ष देवलाल बल, पशुपंक्षी निर्देशनालयका बरिष्ठ पुशअधिकृत डा. सन्तोष घिमिरे, डा. कमल अधिकारी लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा जिल्लाका विभिन्न स्थानीय तहका पशुशाखाप्रमुख एवम् प्रतिनिधिको सहभागिता रहेको थियो ।

# 'जारी'को कमाइ १७ करोड, सिक्वेललाई ७ करोड पनि हम्मेहम्मे

काठमाडौं/फिल्मको भाग्य पनि अनौठोको हुन्छ । कहिलेकाहीं ठूलो स्टारकास्ट, भारी लगानी, र व्यापक प्रचार गरिएका फिल्मले अपेक्षित परिणाम दिन सक्दैनन् । बरु खासै अपेक्षा नगरि एका फिल्महरूले बक्स अफिसमा कीर्तिमान बनाउँछन् । दर्शकको रुचि, प्रचार शैली, प्रदर्शनको समय लगायतका पक्षले व्यापारमा प्रभाव पार्ने भएकाले प्रदर्शनपूर्व फिल्मको भविष्यबारे पूर्वानुमान गर्न सकिँदैन ।

फिल्मको व्यापार अनुमान गरे अनुरुप हुँदैन भन्ने कुराको उदाहरण 'जारी २' पनि हो । २०८० सालको सुपरहिट फिल्म 'जारी'को सिक्वेल भएकाले यसले अघिल्लो भागको १७ करोडको रेकर्ड तोड्न सक्ने प्रक्षेपण गरिएको थियो । तर, प्रदर्शनको तेस्रो सातासम्म आइपुग्दा फिल्मले त्यो छनक देखाएको छैन । फिल्मलाई घरेलु बक्स अफिसमा ७-८ करोड कमाउन पनि हम्मेहम्मे परिरहेको छ ।

चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको विवरणमा 'जारी २'ले मंसिर ६ गतेसम्म ५ करोड ८९ लाख रुपैयाँ ग्रस व्यापार गरेको देखिन्छ । मंगलबार सम्म फिल्मको व्यापार ६ करोड नाघेको छ । तर, तेस्रो सातामा आइपुग्दा फिल्मको धेरै शो गुमिसकेका छन्, भने अकुपेन्सी पनि निकै कमजोर बनेको छ । यो अवस्थामा फिल्मको व्यापार ८ करोडको हाराहारीमा टुंगिन सक्ने देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### बकैया गाउँपालिकाको प्रशासनिक भवन उद्घाटन

# संघीय सरकारको ६० प्रतिशत र पालिकाको ४० प्रतिशत बजेट

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/पूर्वी मकवानपुरको बकैया गाउँपालिका कार्यालयको सुविधा सम्पन्न प्रशासनिक भवन उद्घाटन भएको छ ।

बुधबार बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गरेका हुन् । बकैया गाउँपालिका-३ स्थित हात्तीसुँढेमा कार्यालय परिसरमै चारतले भव्य भवन निर्माण भएको हो । यसअघि बकैया गाउँपालिकाको कार्यालय ट्रष्ट भवनमा रहेको थियो । प्रमुख प्रशासकीय अधिकृतलाई आवासीय सुविधासहितको भवन बैठक कक्ष, पार्किङलगायत सुविधा रहेका छन् । संघीय सरकारको ६० प्रतिशत र पालिकाको ४० प्रतिशत बजेटमा नवनिर्मित भवनमा अध्यक्ष र उपाध्यक्षको कार्यकक्षसहितको २८ वटा कोठा, सभाहल दुईवटा, सेवाग्राही कक्ष, भान्छाकोठा, स्टोरकक्ष, शौचालय लगायत संरचना रहेका छन् ।



भवन २०८१ असार १५ गते निर्माण सम्पन्न गर्ने गरी २०७९ साल जेठ ३१ गते गाउँपालिकासँग सम्झौता भएकोमा यो अवधिमा पुरा नभएपछि म्याद थप गरिएको थियो । गत भदौ ३१ गते निर्माण सम्पन्न भएको हो । भवन निर्माण सम्झौता मूल्य अभिवृद्धिकरसहित सात करोड ८२ लाख ५० हजार ७ सय ७० रुपैयाँमा भएकोमा भवनको काम बढेसँगै लागत बढेर मूल्य अभिवृद्धि कर सहित सात करोड ९५ लाख ६७ हजार ९ सय १७ रुपियाँ निर्माण कम्पनीलाई भुक्तानी भएको छ ।

भवनको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले लोकतान्त्रिक व्यवस्थाले नागरिकलाई सही प्रतिनिधि छान्ने मात्र नभई मननलागे पार्टी वा उम्मेदवार बदल्ने स्वतन्त्रता दिएको बताए । उनले लोकतन्त्र, संघीयता र समावेशी गणतन्त्रले देशका भूगोल, समुदाय र वर्गलाई न्याय दिलाउने संरचना स्थापित गरेको उल्लेख गरे । मुख्यमन्त्री बानियाँले गणतन्त्र र समावेशी संरचना देशभर लागू भइसके पनि यस व्यवस्थाको विकास प्रगतिप्रति असन्तुष्ट केही समूह अहिले पनि सक्रिय रहेको टिप्पणी गरे ।

'गाउँमा विकास पुगेको, बाटो, पुल बनेको, सुविधा पुगेको मन नपर्नेहरु अझै पनि यो व्यवस्था उल्ट्याउने सोचमा छन् तर, यस्ता व्यवस्था धेरै टिक्दैनन् । समयले त्यसलाई छोडेर जान्छ' उनले भने, 'लोकतान्त्रिक व्यवस्थामा कमीकमजोरी देखिए सच्चिन सकिन्छ, गल्ती गर्नेलाई कानुनअनुसार दण्डित गर्न सकिन्छ, र राज्य प्रणालीलाई सुधार्दै लैजान सकिन्छ ।' कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले कृषि, शिक्षालगायतका विकास निर्माण क्षेत्रमा धेरै लगानी गरेको बताए । बकैया गाउँपालिकामा पूर्वाधारका हिसाबले पनि मकवानपुरका अन्य स्थानीय तहभन्दा कम नभएको उनको दावी छ ।

'आयआर्जनको पाटोतिर फर्कँदा, धेरै नागरिकलाई बच्चा पढाउन गाह्रो, घर चलाउन कठिन, भन्ने समस्या थियो । त्यो समस्यालाई कम गर्न गाउँपालिकाले नयाँ अवसर सिर्जना गरेको छ । धेरैले रक्सी पसल छोडेर कृषिमा लागेका छन् । विदेश जाने तयारीमा रहेका युवा अहिले ५-१० वटा गाई पालेर गाउँमै राम्रो आम्दानी हुनसक्ने देखेर यही काममा लाग्न थालेका छन् । यसले गाउँको आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पारिरहेको छ' उनले बताए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समितिका प्रमुख ललित घलान, निवर्तमान उपाध्यक्ष सरला बोलखेलगायत विभिन्न राजनीतिक दलका व्यक्तित्व, समाजसेवि, स्थानीयको उपस्थिति रहेको थियो ।

# राजनीतिक व्यक्ति उपकुलपति हुने व्यवस्था अन्त्य गर्नुपर्छ : प्रम कार्की



साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ प्रधानमन्त्री सुशीला कार्कीले कुलपति पदमा राजनीतिक व्यक्ति रहने व्यवस्थाले विश्वविद्यालयमा राजनीतिक हस्तक्षेप बढ्ने धारणा व्यक्त गरेकी छिन् ।

त्रिभुवन विश्वविद्यालयको वार्षिक साधारणसभालाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले देशका सबै विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्थालाई हटाएर अनावश्यक राजनीति गर्ने बाटो बन्द गर्नुपर्नेमा जोड दिइन् । 'असारमा पारित हुनुपर्ने वार्षिक नीति कार्यक्रमका लागि मङ्सिर पर्खनुपर्ने अवस्था आयो, यो राम्रो होइन, विश्वविद्यालयलाई राजनीतिबाट मुक्त बनाउनुपर्छ' उनले भनिन् । विश्वविद्यालय पनि शैक्षिक र प्रशासनिकरुपमा मात्रै नभई आर्थिक रुपमा समेत आत्मनिर्भर हुनुपर्नेमा प्रधानमन्त्री कार्कीको जोड थियो । 'हरेक कुरामा सरकारमाथि भरपर्ने कुराले विश्वविद्यालयलाई स्वायत्त हुन दिँदैन' उनले भनिन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवम् विश्वविद्यालयका सहकुलपति महावीर पुनले अध्यादेश वा अन्य कानुनी प्रबन्ध गरी प्रधानमन्त्री उपकुलपति रहने व्यवस्था हटाउने सन्दर्भमा विज्ञहरुसँग छलफल भइरहेको जानकारी दिए । सभाले विश्वविद्यालयको आर्थिक वर्ष २०८२/८३ को विश्वविद्यालयको नीति कार्यक्रममा प्राज्ञिक तथा प्रशासनिक पक्षलाई पुनरसंरचना गरिने निर्णय गरेको छ । यसैगरी विश्वविद्यालय मातहतका प्रादेशिक कार्यालयलाई क्षमतायुक्त बनाउँदै क्रमशः प्रादेशिक संरचनामा लैजाने निर्णय गरेको छ ।

यो प्रयोजनका लागि उच्चस्तरीय त्रिवि पुनर्संरचना आयोग बनाई विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसको शैक्षिक, भौतिक तथा प्रशासनिक कामको मूल्यांकन गरी आवश्यकताअनुसार समायोजन वा खारेज गर्ने काम अघि बढाउने नीति त्रिविसभाले पारित गरेको छ । यसैगरी मानवसंसाधन तथा जनशक्ति विकास, शैक्षिक तथा पाठ्यक्रम सुधार, परीक्षा सुधार, संस्थागत सुधार, सूचनाप्रविधिमार्फत डिजिटल रुपान्तरण र अनुसन्धानका लागि स्रोतसाधनको व्यवस्था गरिने निर्णय भएको विश्वविद्यालयले जनाएको छ ।

त्रिविको नियमित तालिका अनुसार गत असारमा पारित गरी कार्यान्वयन प्रक्रियामा जानुपर्ने नीति कार्यक्रमका सन्दर्भमा यसअघि विवाद सिर्जना भएपछि रोकिएको त्रिविसभा बैठक बुधबार बसेको हो ।

# ६ क्याम्पसलाई आंगिक बनाउन स्वीकृति प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ बागमती प्रदेश सरकारले ६ क्याम्पसलाई आंगिक बनाउन स्वीकृति प्रदान गरेको छ । मन्त्रीपरिषद् बैठकले प्रदेशमा उच्चशिक्षाको पहुँचविस्तार गर्ने उद्देश्यले प्रदेशका ६ क्याम्पसलाई बागमती विश्वविद्यालयको आंगिक क्याम्पस बनाउन स्वीकृति प्रदान गरेको प्रदेशका सरकार प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले जानकारी दिए ।



सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेशका ६ वटा सामुदायिक क्याम्पसलाई बागमती प्रदेश विश्वविद्यालयको आंगिक क्याम्पसकारुपमा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको उनले बताए । यो निर्णयसँगै प्रदेश विश्वविद्यालयको संरचनाभित्र रही ६ क्याम्पस सञ्चालन हुनेछन् । त्यसैगरी बैठकले यातायातक्षेत्र सुधारका लागि विज्ञ समूहको समिति गठन गरेको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालयको प्रस्तावमा 'बागमती प्रदेश यातायात क्षेत्र पुनरावलोकन तथा सुधार सुझाव समिति' गठन गर्ने निर्णय गरेको प्रवक्ता तामाङले बताए । बैठकले समितिको कार्यक्षेत्रगत सर्तसमेत स्वीकृत गरेको छ ।

प्रदेशको यातायात व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न र नीतिगत सुधार गर्न आवश्यक सुझाव दिने गरी समितिले काम गर्न उनको भनाई छ । बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रस्तावमा घनश्याम गुरागाईंको अनिवार्य अवकाश स्वीकृत गर्ने निर्णय भएको छ । उमेरहदका कारण उनले आगामी २०८२ मङ्सिर २७ गतेदेखि लागू हुनेगरी अनिवार्य अवकाश पाउनेछन् ।

# निर्णायक तहमा महिलाको भूमिकाबारे सार्वजनिक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ लैङ्गिकहिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा बुधबार हेटौंडामा 'निर्णायक तहमा महिलाको अर्थपूर्ण भूमिका' विषयक कार्यक्रम सम्पन्न भएको छ ।



मानवअधिकारका लागि महिला, एकलमहिला समूह, मकवानपुरको आयोजनामा कार्यक्रम भएको हो । हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता एवम् समूह मकवानपुरकी अध्यक्ष शारदा चौलागाईंको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा ११ नं. वडाअध्यक्ष जुना दाहाल, १ नं. वडा सदस्य इश्वरी रसाइली, ५ नं. वडासदस्य रन्जिता सिलवाल, १७ नं. वडासदस्य उर्मिला चुनरा, महिला बालबालिका तथा समावेशीकरण शाखाप्रमुख विष्णुकुमारी लामिछाने, अधिवक्ता अप्सरा बस्नेत, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, बालमानव अधिकार संगठनकी अध्यक्ष शर्मिला श्रेष्ठ, जिल्ला समन्वय समिति सदस्य विष्णुमाया थपलिया, कार्यक्रमकी सहआयोजक अधिकृत अप्सरा अर्याललगायत एकलमहिलाको उपस्थिति थियो ।

समूहकी सचिव कल्पना आचार्यले सञ्चालन गरको कार्यक्रममा सहभागिता जनाएका एकलमहिलाले आफूहरु आज पनि विभिन्न प्रकारका दुर्व्यवहार, सामाजिक तिरस्कार र मनोवैज्ञानिक दबाब सहन बाध्य हुनुपरेको अनुभव साझा गरे । कतिपय वडाले एकल महिलाका लागि छुट्टै बजेटसमेत नथपेको गुनासो सहभागीले राखे । प्रमुखअतिथि नगरप्रमुख लामाले महिला नेतृत्वमा पुगेपनि थुप्रै समस्याबाट मुक्त हुन नसकेको उल्लेख गर्दै महिलाले आफैंलाई सशक्त बनाउँदै अगाडि बढ्नुपर्ने आवश्यकतामा जोड दिइन् । उनले एकलमहिलाको भवन निर्माणमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै सबै महिलालाई सामाजिक चुनौतीका विरुद्ध दृढतापूर्वक लड्न प्रेरित गरिन् ।

हेटौंडा उपमहानगरका सबै वडाका महिला जनप्रतिनिधिको उपस्थिति रहेको कार्यक्रममा महिलाले निर्णय तहसम्म पुगे पनि आवाजको प्रभावकारी सुनुवाइ नहुने गुनासो राखे । महिला मुद्दामा निरन्तर आवाज उठाउँदा पनि समुचित सुनुवाइ नपाएको दुःख उनीहरुले व्यक्त गरे ।

# बकैया गाउँपालिका-५ र ६ जोड्ने पुल शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/पूर्वी मकवानपुरको बकैया गाउँपालिका वडा नं ५ र ६ जोड्ने कर्मचुली-जुइना-सुकौरा खोला मल्टिसेल बक्स पुल शिलान्यास भएको छ ।

बुधबार एक कार्यक्रमका बीच बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले पुलको शिलान्यास गरेका हुन् । प्रदेश सरकारको ६ करोड ८९ लाख ४९ हजार ७ सय ५४ रुपैयाँ लागतमा १ सय २० मिटर लामो पुल निर्माण हुन लागेको हो । पुल निर्माणका लागि ८ करोड २४ लाख ६८ हजार ९८५ रुपैयाँमा लागतअनुमान गरि एकोमा बिन्ध्याचल निर्माण सेवाले २०८२ असार ८ गते ६ करोड ८९ लाख ४९ हजार ७ सय ५४ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । आयोजनाको काम २०८४ असार ७ गतेसम्ममा सम्पन्न गरिसक्नुपर्ने छ ।

पुल निर्माणपश्चात् ८ सय घरधुरी लाभाम्वित हुनेछन् । पुल नहुँदा बकैया-६ का विद्यार्थीलाई वर्षाको समयमा विद्यालय आवतजावत गर्न समस्या भएको थियो । पुल निर्माणपश्चात् किसान, विद्यार्थी, स्थानीय तथा गौतम बुद्ध अन्तरास्ट्रिय पर्यटन पार्कको लागि सहज हुनेछ । पुल शिलान्यासको क्रममा मुख्यमन्त्री बानियाँले समयमा नै कार्यसमपन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिए । संघीयताले गरिबलाई धनि बन्ने व्यवस्था ल्याइ विभिन्न स्थानमा विकासले गति लिएको उनको दाबी थियो ।

जेन्जीपुस्ताको अन्दोलनले देशमा जनधनको क्षति भएको बताउँदै उनले युवापुस्ताको मागलाई सम्बोधन गर्दै प्रदेशमा भ्रष्टाचारमुक्त गर्दै सुशासनयुक्त समाज निर्माण गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा.दिनेशचन्द्र देवकोटाले विशेष परिस्थितिमा बजेट विनियोजन भइ पुल निर्माणकार्य सुरु भएको जानकारी गराउँदै पुल समयमा नै निर्माण सम्पन्न हुने प्रतिवद्धता व्यक्त गरे । आर्थिक, सामाजिक रुपान्तरणको लागि उत्पादनसँग जोडिन आवश्यक रहेको उनको धारणा रहेको छ ।

पुल शिलान्यास कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, निवर्तमान गाउँपालिका अध्यक्ष दामोदर खनाल, निवर्तमान उपाध्यक्ष सरला बोलखे लगायत विभिन्न राजनीतिक दलका व्यक्तित्व, समाजसेवी, स्थानीयको उपस्थिति रहेको थियो ।


## आन्तरिक लेखा परीक्षणका लागि प्रस्ताव (आशयपत्र) पेशगर्ने बारे सूचना

मिति : २०८२।०८।११

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको आ.व. २०८२।८३ को आन्तरिक लेखा परीक्षणका लागि इच्छुक चार्टड एकाउन्टेन्टस् एशोसिएट्स फर्म वा कम्पनीले तपसिलका कागजात लेखा परीक्षण शुल्क (भ्याट सहित) स्पष्ट तोकी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र इमेल वा कुनै माध्यमबाट प्रस्ताव (आशयपत्र) पेश गर्न सूचित गरिन्छ ।

**आन्तरिक लेखा परीक्षण सम्बन्धि कार्य विवरण**

१. आर्थिक वर्ष २०८२।८३ सालको यस संस्थाको सम्पूर्ण कार्यालयहरुको (३ सेवा केन्द्र सहित १ मुख्य कार्यालय) दैनिक कारोवारको सघन परीक्षण र ऐन, नियम, मापदण्ड, विनियम, नीति निर्देशन बमोजिम भए नभएको स्थलगत लेखा परीक्षण गरी त्रैमाश सकिएको १५ दिनभित्र त्रैमाशिक प्रतिवेदन पेश गर्ने ।
२. संस्थाको आन्तरिक सुशासन र कार्य सञ्चालनलाई समय सापेक्ष सुधारका साथै एक रुपता कायम गराउने ।
३. वित्तीय प्रतिवेदन र लेखा व्यवस्थापन सम्बन्धि विशेषज्ञ सेवा प्रदान गर्ने ।
४. विद्यमान ऐन नियमअनुसार व्यवस्थापकीय तथा नीतिगत सुधार गर्न आवश्यक राय सुझाव पेश गर्ने ।

**पेश गर्नुपर्ने कागजातहरू**

१. नवीकरण भएको दर्ता प्रमाणपत्र तथा पेशागत प्रमाणपत्र
२. करचुक्ता प्रमाणपत्र तथा पान
३. कम्पनी वा फर्मको प्रमाणपत्र

**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.**
पालुङ, मकवानपुर । फोन: ०५७-४०००0६
Email-pacospalung@gmail.com



## मकवानपुर उद्योग वाणिज्य संघको
## कर्मचारी पोशाक, छपाई तथा स्टेशनरीको लागि कोटेशन आव्हान

(प्रकाशित मिति: २०८२ मंसिर ११)

यस संघको ५९ औं वार्षिक साधारण सभा मिति २०८२ पौष १२ गते हुने भएकाले सोको लागि नमुनाअनुसार आवश्यक कर्मचारी ७ (सात) जनाको पोशाक (सर्ट, पाइन्ट, कोट रजुत्ता), २०० थान डायरी, ३०० थान वार्षिक प्रतिवेदन तथा १००० थान स्केच प्याड छपाई, १००० थान डटपेन, क्लियर व्याग घटाघटको आधारमा खरिद गर्नुपर्ने भएकाले कोटेशन आव्हान गरिन्छ । कोटेशन फारम शुल्क रु. १००।- (अक्षरेपि रु. एकसय मात्र) लाग्नेछ । दर्तावाल सम्बन्धित व्यवसायीले मात्र कोटेशन पेश गर्न सक्नेछन् । संघको कार्यालयमा सम्पर्क राखी मिति २०८२ मंसिर १७ गते सम्ममा कोटेशन खरिद गरी पेश गरि सक्नु पर्नेछ । कोटेशन मंसिर १८ गते २:३० बजे संघको कार्यालयमा खोलिने छ । कोटेशन पेश गर्ने वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि कोटेशन खोल्न बाधा पर्ने छैन । कम वा बढी दररेटको कोटेशन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संघमा निहित रहनेछ ।

**मकवानपुर उद्योग वाणिज्य संघ**
हेटौंडा, मकवानपुर
०५७-५२०३१०/५२३३१०


## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०८/०९ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- लाल बहादुर माझी (छोरा)* *जग्गावाला-मगर माझी (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ को तपशिलको जग्गा ज्युइना मौजाको रैती नं. १० को रैती मगर माझीको नाममा साविक भोग लगत कायम रही निज मगर माझीको नाममा नै नाप नक्सा तथा फिल्डबुक कायम भई दर्ता गर्न छुट भएकोमा निज मगर माझी भन्ने मंगल बहादुर माझीको मिति २०३४/१०/२० मा र निजको एकमात्र पत्नि विष्णु माया माझी भन्ने सुकुमाया माझीको मिति २०३६/०५/१४ मा मृत्यु भएको र निजहरुको शेषपछि हकदखाने हकदार छोराहरु भक्त बहादुर माझी-१, राम औतार माझी-१, लाल बहादुर माझी-१ र मुक्ति बहादुर माझी-१ गरी ४ जना तथा दुई जना छोरीहरु भएकोमा छोरीहरुको विवाहदान भई पर घर गइसकेकोले हकखाने हकदारहरु उल्लेखित छोराहरु मात्र भएको र उल्लेखित तपशिलका जग्गाहरु निज हकदारहरुले नै साविक देखि हाल सम्म निरन्तर भोग चलन गरी हकभोग गर्दै आएकोले हकदारहरु भक्त बहादुर माझी-१, राम औतार माझी-१ र मुक्ति बहादुर माझी-१ गरी ३ जनाको मंजुरीले निवेदक लाल बहादुर माझीको नाममा एकलौटी छुट जग्गा दर्ता गरीपाउँ भनि बकैया गाउँपालिका ६ नं. वडा कार्यालयको च.नं. ८५५ मिति २०८२/०३/०५ को हकभोग तथा हकदारहरु समेत खुलेको छुट जग्गा दर्ता सम्बन्धि सिफारिस पत्र, च.नं. ८५३/२०८२/०३/०५ को मगर माझी र मंगल बहादुर माझी फरक फरक नामहरु भएको व्यक्ति एकै भएको सिफारिस पत्र साथै च.नं. ८५४ मिति २०८२/०३/२५ को विष्णु माया माझी र सुकुमाया माझी फरक फरक नामहरु भएको व्यक्ति एकै भएको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, मृत्यु दर्ता प्रमाण पत्रहरु, साविक भोग लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी साविकमा द.नं.५२२८ मिति २०७०/९/१६ मा छुट जग्गा दर्ता गरी पुर्जा पाउँ भनि मागदावी निवेदन पेश भई सार्वजनिक सूचना समेत प्रकाशित भएको अवस्थामा तामेलीमा रहेको मिसिल जगाई कार्यान्वयन गरी पाउँ भनि द.नं. १८८२६ मति २०८०/११/१३ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तल उल्लेखित तपशिलका जग्गाहरु निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | मगर माझी हटिया वडा नं.-८ बुवा-रणजित बाजे-खेदु | हटिया | ८ | ७८१<br>७८७<br>७४८<br>७७१ | ०-०-८<br>०-६-१३<br>१-४-१२<br>०-०-१२ | लाल बहादुर माझी | जि.म. हटिया मौजा ज्युइना को रैती नं. १०को रैती मगर माझी । |

*ईति संवत २०८२ साल मंसिर महिनाको ०९ गते रोज ३ शुभम्..................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना